## विशेष इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ००२४, उत्प्रेषण, *अनील श्रेष्ठ समेत वि. लोक सेवा आयोग, के.का. समेत*

लोक सेवा आयोग परीक्षा पद्धतिसम्बन्धी निर्देशिका, २०५९ लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० को नियम २६ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगको निर्णयबाट निर्माण एवं संशोधन गरिएको देखिन्छ । प्रत्यायोजित विधायन (Delegated Legislation) अन्तर्गत निर्माण एवं संशोधित निर्देशिकाले मूल कानून (Fundamental Law) को रूपमा रहेको संविधान, निजामती सेवाको शर्त सम्बन्धमा व्यवस्थित गर्न बनेको निजामती ऐन, २०४९ एवं लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ र लोकसेवा आयोग (कार्यविधि) नियमावली, २०५० ले तोकिदिएको सीमारेखालाई नियुक्ति भएको एक वर्ष व्यतीत नभई निजामती सेवाको समान श्रेणीको पदमा उम्मेदवार हुन बञ्चित गरी आफ्नो क्षमता प्रदर्शन गरी योग्य र सक्षम व्यक्तिलाई खुल्ला प्रतियोगितात्मक परीक्षा दिनबाट बन्देज लगाउने गरी निर्देशिका संशोधन गर्नु संविधान र कानूनविपरीत देखिन आउने ।

लोक सेवा आयोग परीक्षा पद्धतिसम्बन्धी निर्देशिका, २०५९ को संशोधित दफा ३०(३) को नियुक्ति भएको एक वर्ष व्यतीत नभई भन्ने र दफा ३८(१) को प्रतिवन्धात्मक बाक्यांश तर समान श्रेणीको पदमा नियुक्ति भएको कर्मचारीले नियुक्ति भएको मितिले एकवर्ष पूरा नभई यस उप दफाबमोजिम समान श्रेणीको पदमा उम्मेदवार हुन पाउने छैन भन्ने बाक्यांश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८(१) तथा निजामती सेवा ऐन, २०४९ को दफा १० सँग बाभिन्न गएको देखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम आजैका मितिदेखि अमान्य र बदर हुने ।

इजलास अधिकृत : हरि कोइराला

इति संवत् २०६७ साल भदौ ३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WS ००२९, उत्प्रेषणयुक्त परमादेश, *सुवोधमान नापित वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधान मूल कानून भएको हुँदा यसले आमनागरिकका भावनाहरू (Aspiration) ग्रहण (Cope) गर्न सक्नुपर्दछ । वर्तमान संविधान अन्तरिम नै भए पनि यस संविधानमा नेपाली जनताको एकात्मक र राजतन्त्रात्मक राज्य व्यवस्थाबाट संघीय र गणतन्त्रात्मक राज्य व्यवस्थामा परिणत हुने Aspiration चाहना प्रतिबिम्बित भएको छ । त्यसैले अन्तरिम संविधान संशोधनका क्रममा समेत यो मान्यतालाई आधारभूत सिद्धान्तका रूपमा हेर्न सक्नुपर्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ का कुनै आधारभूत संरचना नै छैनन् जुनसुकै ढंगबाट अन्तरिम संविधान संशोधन गर्न मिल्छ भन्ने अर्थ गर्नु उचित नहुने ।

प्रजातन्त्रको विश्वव्यापी मापदण्डको रूपमा रहेका अन्तरिम संविधानले अवलम्बन गरेको विधिको शासन, मौलिक मानव अधिकार र यी अधिकारहरूको रक्षा गर्ने स्वतन्त्र र सक्षम न्यायपालिकालगायत जनआन्दोलनद्वारा एकात्मकबाट संघात्मक र राजतन्त्रात्मकबाट गणतन्त्रात्मक राज्य व्यवस्थामा परिणत हुन नेपाली जनताले चाहेकाले संघात्मक र लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संविधानले आधारभूत संरचना नभने पनि स्वाभाविक रूपमा ती विषयहरू अन्तरिम संविधानका अन्तर्निहीत आधारभूत संरचना हुने ।

नेपाललाई राजतन्त्रात्मक र एकात्मक व्यवस्थाबाट संघीय र लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा परिणत गर्ने संविधान निर्माणको कार्यादेश (Mandate) लाई निरर्थक र अवरूद्ध (Frustrate) गर्ने गरी अन्तरिम सविधानको कुनै पनि धारा संशोधन हुन नसक्ने ।

न्यायाधीश नियुक्तिलाई विधायिकी सुनुवाईबाट Confirm गर्न जननिर्वाचित संसदले Checks गर्ने व्यवस्था हो । संविधानमा यस खालको

प्रावधान किन राखियो भन्ने कुरा न्यायिकभन्दा पनि राजनैतिक प्रकृतिको तथ्यगत प्रश्न हुने हुँदा त्यसको आधार र औचित्य केलाउने कार्य यस अदालतबाट हुन नसक्ने ।

स्वतन्त्र संवैधानिक निकायले छानबीन गरी छनौट गरेका व्यक्तिहरूलाई संसदीय सुनुवाइको प्रक्रियाद्वारा छानबीन, जाचबुझ र उम्मेदवारको अनुभव, कार्यक्षमता तथा दक्षताको विषयमा उठेका प्रश्नहरूको जवाफ लिने र दिने प्रक्रियाबाट (Grill) गरिँदा मनोनीत व्यक्ति योग्य वा अयोग्य छन् भन्ने कुरा थप स्पष्ट हुनजाने ।

एक पटक सर्वोच्च अदालतको न्यायाधीशको रूपमा संसदीय सुनुवाई भै नियुक्त भै सकेपछि पुनः पटक-पटक संसदीय सुनुवाई गर्न उपयुक्त नहुने हुँदा त्यस्तो अव्यवहारिक र त्रुटिपूर्ण व्यवस्थालाई आगामी संविधानमा निरन्तरता दिई रहनु न्यायिक स्वतन्त्रताको मूल्य मान्यता र अवधारणाको दृष्टिकोणबाट अनुपयुक्त हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** संवत् २०६६-WS-००१६, उत्प्रेषण, *अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले संवैधानिक प्रावधानसँग बाझिएको भनी दावी लिएको प्रहरी ऐन, २०१२ को दफा १० को उपदफा (१) को देहाय (ग) को व्यवस्था र सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ को देहाय (ग) को व्यवस्था तथा प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) अनुसार प्रहरी कर्मचारीहरू उपर गरिने विभागीय कारवाहीको विषय फौजदारी न्याय प्रशासनसंग सम्बन्धित संविधानको धारा २४ को उपधारा (८) र (९) सँग बाझिएको वा सो कानूनी व्यवस्थाले अनुचित बन्देज लगाएको नदेखिएको र प्रस्तुत निवेदनमा कुनै प्रहरी कर्मचारीउपर यो यस्तो विभागीय कारवाहीको सिलसिलामा सुनुवाईको मौकाबाट बञ्चित गरी मौलिक हकउपर अनुचित बन्देज लगाइएको तथा सो कारवाहीमा निष्पक्षताको मापदण्डविपरीतका काम कारवाही गरिएको भनी निवेदन दावी लिएको अवस्था समेत नभएको र कुनै प्रहरी कर्मचारीलाई प्रस्तुत कानूनको व्यवस्थाले उपचारविहीन बनाएको भन्ने दावी पनि नरहेको यस स्थितिमा तत्काल निवेदन मागबमोजिम उपर्युक्त कानूनी व्यवस्था अमान्य र बदर घोषित गर्नु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** फौ.पु.इ.नं. ०६६-CF-०००७, बैंक ठगी, *नेपाल सरकार वि. रबिकृष्ण जोशी समेत*

वारदात हुँदाका बखत मिति २०४३।३।२ मा कायम रहेको मुलुकी ऐन, ठगीको ८ नं. मा भए गरेको दुई वर्षभित्र नालेश दिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा सो दुई वर्षसम्म हदम्याद बाँकी छँदै ठगीको ८ नं. मा मिति २०४३।७।२४ मा संशोधन भई यस महलअन्तर्गतको नेपाल सरकार वादी हुने मुद्दामा नेपाल सरकारलाई सो कुरा थाहा भएको मितिले १ वर्षभित्र नालेश दिनुपर्ने हदम्यादसम्बन्धी व्यवस्था गरिएको देखिन आउँछ । साविक कानूनले व्यवस्था गरेको २ वर्षको हदम्याद व्यतीत नहुँदै हदम्यादसम्बन्धी सो कानून संशोधन भई थाहा पाएको एक वर्षभित्र नालेस दिन सकिने भन्ने हदम्यादसम्बन्धी व्यवस्था गरिएको स्थितिमा नालेस दिंदाका बखत कायमै रहेको हदम्यादसम्बन्धी कार्यविधि कानून नै अवलम्बन हुनु न्यायसम्मत र कानूनसम्मत देखिने ।

इजलास अधिकृत नारायण सुवेदी
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल जेठ २० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं. ०६६-WF-

०००१, उत्प्रेषण परमादेश, *विष्णुकृष्ण श्रेष्ठ समेत वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत*

नेपाल राष्ट्र बैंक मुलुकको केन्द्रीय बैंक भएको र समग्र रूपमा देशका अन्य स्थापित बैंक तथा बित्तीय संस्थाहरूको पनि बैंक भएकोले गर्दा आर्थिक स्थायित्व र आर्थिक सन्तुलनको लागि के कस्ता शेयरधनीले के कुन हदसम्म शेयर राख्न पाउने भन्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले कानूनी दायरामा रही आवश्यक निर्देशन जारी गर्न नसक्ने भनी अर्थ गर्न मिल्दैन । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को (ङ) ले ऐनअन्तर्गत जारी हुने निर्देशनसमेत नेपाल कानूनको परिभाषाभित्र पर्ने भन्ने समेत सिद्धान्त प्रतिपादन भैरहेको देखिएको समेतबाट वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाका कुनै एक संस्थापक शेयरधनीले १५ प्रतिशतसम्म शेयर राख्नसक्ने गरी नेपाल राष्ट्र बैंकले जारी गरेको इ.प्रा. निर्देशन कानूनविपरीतको भन्ने देखिन आएन । बैंकिङ प्रणालीमा एकरूपता र वित्तीय सन्तुलन स्थापना गर्न केन्द्रीय एवं नियमक बैंकको हैसियतले नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरूलाई वित्तीय अनुशासनमा राख्न आवश्यक निर्देशन जारी गर्नसक्ने ।

नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन र नीतिगत एवं प्रक्रियागत व्यवस्थाले बैंक तथा वित्तीय संस्थामा १५ प्रतिशतसम्म शेयर राख्न पाउने व्यवस्था प्रचलित नेपाल राष्ट्र बैंक ऐनले दिएको अधिकारअन्तर्गत जारी गरेको भन्ने सो निर्देशनबाटै देखिन्छ । उक्त निर्देशन तथा नीतिगत एवं प्रक्रियागत व्यवस्था संविधानसँग बाझिएको भन्ने नदेखिँदा उक्त इ.प्रा.निर्देशन नीतिगत एवं प्रक्रियागत व्यवस्थाको वैधानिकताको बारेमा प्रस्तुत निवेदनको सन्दर्भमा प्रश्न उठ्न सक्ने देखिँदैन । कानूनको अधीनमा रही जारी गरिएको निवेदकहरूले विवादमा ल्याएको उक्त निर्देशन र नीतिगत एवं प्रक्रियागत व्यवस्थाबाट निवेदकहरूको साम्पत्तिक अधिकारको उल्लंघन भएको भन्न नमिल्ने ।

नेपाल राष्ट्र बैंकले जारी गरेको विवादित इं.प्रा. निर्देशन तथा नीतिगत एवं प्रक्रियागत व्यवस्थाले निवेदकहरूले दावी गरेबमोजिम निवेदकहरूको हक अधिकारमा कुनै आघात पारेको अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६६-WF-००१२, *रि.पू.इ.नं. २०६६-WF-००१३,* उत्प्रेषण समेत, *मातृकाप्रसाद यादव वि. संविधानसभा सचिवालय समेत, जगतप्रसाद यादव वि. संविधानसभा सचिवालय समेत*

संसदको विशेषाधिकारको प्रश्न संसदको आन्तरिक काम कारवाहीको विषयमा मात्र उठाउन सकिने हुन्छ । तर प्रस्तुत विवाद संसदको आन्तरिक काम कारवाहीको विषयमा सीमित नरही संविधानसभाका सदस्यको पदीय हैसियत नै समाप्त गर्ने हदसम्म पुगेको देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा निहीत रहेको विषयवस्तुलाई संवैधानिक व्यवस्थाको सापेक्षतामा हेर्दा प्रस्तुत विवाद संविधानको धारा १०७ को उपधारा (२) अन्तर्गत यस अदालतले न्यायिक पुनरावलोकन गरी हेर्न मिल्ने प्रकृतिको देखिन आउने ।

पार्टी अनुशासन पालना गर्न निवेदकहरूलाई बारम्बार अनुरोध गरिएको भनी उल्लेख भएको छ भने निवेदकहरूलाई स्पष्टीकरण सोधिएको भनिएको एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पार्टी पुनर्गठन गर्दै हिंडेको भनी पार्टीको साधारण सदस्यताबाट निष्काशन गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । त्यसैगरी सोही दलबाट निवेदकहरूलाई सम्बोधन गरिएको मिति २०६६।४।१३ को पत्रमा संविधानसभाको सदस्यता समाप्त गर्ने निर्णय भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । ती पत्रहरूको अध्ययन गर्दा निवेदकहरूलाई पार्टीबाट कारवाही गर्ने निर्णय भैसकेको भन्ने देखिएतापनि ती पत्रलाई स्पष्टीकरण होइनन् वा ती पत्रहरूले निवेदकहरूलाई सफाइको मौका प्रदान गरिएको थिएन भनी अदालतले निर्क्यौल गर्नसक्ने हुँदैन । पार्टीले आफ्ना सदस्यहरूलाई सोध्ने स्पष्टीकरणको ढाँचा

वा त्यसको प्रक्रियाका बारेमा अदालतले हस्तक्षेप गरी यो वा यस्तै ढाँचा प्रयोगमा ल्याउनै पर्ने भनी भन्न मिल्ने हुँदैन । त्यस्ता प्रश्नहरूमा अदालत प्रवेश गर्दैन, अदालत आफैंले विकास गरेको आत्मसंयमको सिद्धान्तले त्यस्ता प्रश्नमा प्रवेश गर्ने अनुमति प्रदान नगर्ने ।

दलसँगको आवद्धताबिना दलसँग आवद्ध भएको कारणले प्राप्त गरेको संविधानसभाको सदस्य पदले निरन्तरता पाउन सक्ने अवस्था पनि हुँदैन । निवेदकहरूले आफूहरू साबिकको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) मा यथावत् रूपमा आवद्ध रहेको भनी दावी लिनु मात्र पर्याप्त हुँदैन । त्यसरी दावी लिने आधार भनेको सो दलको अस्तित्व नै हो । तर दलको अस्तित्वलाई कायम गर्नेतर्फ निवेदकहरूले कुनै पनि वैधानिक बाटोको अवलम्बन गरेको देखिएन । निर्वाचन आयोगबाट निवेदकहरू आवद्ध रहेको भनिएको दलको वैधता समाप्त पारिसकेको अवस्थामा त्यस्तो अस्तित्वविहीन दलको प्रतिनिधित्व गरी संविधानसभाको सदस्य पदमा रहन नमिल्ने हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल साउन १९ गते रोज ४ शुभम् ।

§ यसै लगाउको रि.पू.इ.नं. २०६६-WF-००१०, *मातृकाप्रसाद यादव वि. संविधानसभा सचिवालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,**
§ फौ.पु.नं. ०६५-CR-०६६६, ०७२४, कर्तव्य ज्यान, *बीरबहादुर थापा वि. नेपाल सरकार, नेपाल सरकार, बीरबहादुर थापा*

मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी पनि नरहेको र कुनै प्रकारको घातक वा जोखिमी हात हतियारले प्रहार पनि नगरेको तथा मृतकले नै माइत जाऊँ भनी जिद्दी गरेको कारणबाट रक्सीको नशामा हातले सामान्य कुटपीट गर्दा ठाउँ कुठाउँमा लाग्न गै मृतकको मृत्यु भएको घटना प्रकृतिबाट देखिएको हुँदा प्रतिवादीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल असार २ गते रोज ४ शुभम् ।

२

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,**
फौ.पु.नं. ०६५-CR-०३३४, RC-०२२, कर्तव्य ज्यान, *सुष्मा चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. सीताराम चौधरी समेत*

जाहेरी दरखास्त र वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले पनि प्रतिवादीहरू बीच रहेको अवैध सम्बन्धका कारण जन्मिएको जातक बच्चालाई निजहरूले नै मारी गाडेको भनी मौकामा आ-आफ्नो व्यहोरा लेखाएको देखिन आउँछ । जाहेरवाला श्रवणकुमार चौधरी र वस्तुस्थिति मुचुल्कामा बस्ने वीरेन्द्र चौधरी, सन्तोषकुमार चौधरी, रामदेव चौधरी समेतका मानिसले अदालतसमक्ष उपस्थित भै जाहेरी दर्खास्त र अनुसन्धानको क्रममा लेखाएको व्यहोरालाई पूर्णतः समर्थन गरी बकपत्र गरेको समेतबाट प्रतिवादीहरूको अनुसन्धान अधिकारी र अदालतसमक्षको साबिती बयान प्रमाणित भैरहेको देखिएकोले घटनाको चित्रण हुने गरी प्रतिवादीहरूले गरेको सो बयानलाई अन्यथा मान्नु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६७ साल असार २ गते रोज ४ शुभम् ।

३

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,**
फौ.पु.नं. ०६४-CR-०२८४, CR-०५४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रमान तामाङ्ग, अर्जुनबहादुर तामाङ्ग वि. नेपाल सरकार*

एउटै गाउँ ठाउँमा मृतक र प्रतिवादीहरूलाई दिउँसोको समयमा स्थानीय मानिसहरूले नचिन्ने अवस्थासमेत नरहेको र प्रतिवादीहरूले केही नगरेको भए बिनाकारण पोल्नु पर्ने अवस्था समेत देखिन नआएकोले घटनाका प्रत्यक्षदर्शी र पीडितको भनाई प्रमाणमा ग्रहणयोग्य नै देखिन आई निजहरूको भनाईबाट प्रतिवादीहरूले अधिकारप्राप्त

अधिकारीसमक्ष गरेको बयान निजका इच्छाविरूद्ध भएको भनी प्रमाणित हुन नआएकोले अदालतसमक्ष अधिकारप्राप्त अधिकारी समक्षको बयानविपरीत गरेको विरोधाभाषयुक्त बयानलाई विश्वसनीय मान्न नसकिने ।

प्रतिवादी चन्द्रमान तामाङ्गको पनि वारदातस्थलमा उपस्थिति रहेको, निज समेत मुख्य भै मृतकलाई मार्ने योजना र तयारी गरेको, घटनामा संलग्न भई कुटपीट समेत गरेको र अन्ततः मृतकलाई मार भनी निजैले दिएको बचन मानी प्रतिवादी अर्जुनबहादुरले चीरपट दाउराले मृतकको टाउकोमा प्रहार गरेको चोटको कारण मृतकहरू शम्भु राई र विष्णुकुमार राईको मृत्यु भएको देखिएको हुँदा निज प्रतिवादी चन्द्रमान तामाङ्गलाई समेत मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुनेमा सोबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम निज प्रतिवादी चन्द्रमान तामाङ्गलाई कैद वर्ष दश (१०) सजाय हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल असार २ गते रोज ४ शुभम् ।

४

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. २०६५-WO-१००२, परमादेश, *शहदेव गौतम वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

जनस्वास्थ्यसँग सम्बन्धित रहेको आयोडिनयुक्त नूनको कमीबाट हुने गम्भीर असरलाई कम गर्ने विषयमा व्यवस्थापिका संसदबाट विशेष ऐनको व्यवस्था महसूस गरी २०५५ सालमा पारित ऐनको व्यवस्था प्रत्यर्थी नेपाल सरकार एवं सरकारका निकायबाट कानूनले तोकेको कर्तव्य पालना गरेको पाइएन । अतयव नेपाली जनताको शारीरिक, मानसिक स्वास्थ्यको विकासको निमित्त आयोडिनयुक्त नूनको बिक्री वितरण व्यवस्थित गरी सर्वसुलभ रूपमा उपलब्ध गराउन आवश्यक भएको र सो कुरालाई मध्यनजर राखी आयोडिनयुक्त नून ६ (उत्पादन तथा बिक्री वितरण) ऐन ल्याइएको भए पनि उक्त ऐनको दफा १ को उपदफा (२) अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ गर्नुपर्ने भनी उल्लेख भएकोमा नेपाल सरकारबाट उक्त ऐन प्रारम्भ गर्न आवश्यक र समुचित प्रयास भएको नदेखिनाले उक्त ऐन लागू गर्न वाञ्छनीय भएको कुरामा विवाद नभएकोले सो ऐन लागू गर्न आवश्यक तत्परता देखाई सो सम्बन्धमा बनाउनु पर्ने नियमहरू अविलम्ब बनाई प्रस्तुत आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ को व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरी ऐनको दफा १ को उपदफा (२) बमोजिम तोकेको क्षेत्रमा तोकेको मितिदेखि लागू गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेतका नाउँमा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल असार २४ गते रोज ५ शुभम् ।

५

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६६-CR-०१००, कर्तव्य ज्यान, *विधानचन्द्र शाह वि नेपाल सरकार*

लोड भएको पेस्तोल ताकी गोली प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझको कुरा भएकोले गोली प्रहार गरी मानिस मारिसकेपछि मनसाय थिएन भन्ने जिकीर लिएकै भरमा कसूरबाट उन्मुक्ति दिने हो भने अपराध नियन्त्रण गरी समाजलाई सुरक्षित राख्ने फौजदारी न्याय प्रशासनको उद्देश्य नै पराजीत हुन पुग्ने ।

प्रतिवादीले आफ्नो साथमा रहेको पेस्तोलबाट गोली प्रहार गरी भुवन खरेलको कर्तव्य गरी हत्या गरेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आएकोले मुलुकी ऐन ज्यानसम्बन्धी १ नं. को कसूरमा सोही १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

वारदातको प्रकृति तथा प्रतिवादीको उमेर समेतको कारणबाट ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले अ.बं. १८८ नं. बमोजिम पुनरावेदक प्रतिवादी दिवस भन्ने विधानचन्द्र शाहलाई १४ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६७ साल जेठ १९ गते रोज ४ शुभम् ।

६

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६६-CR-००८२, कर्तव्य ज्यान, *कामदेव महतो वि. नेपाल सरकार*

वारदात भएको घर नजिकै घर रहेका र मौकामा घटनास्थलमा पुगेका व्यक्तिहरूले पुनरावेदक प्रतिवादीलाई कसूरमा संलग्न भनी लेखाएको सो व्यहोराबाट प्रतिवादीले घटनास्थलमा नरहेको भनी अदालतमा गरेको बयान खण्डित भई अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान प्रमाणित हुन पुगेको देखिन्छ । ममताकुमारीले आफ्ना बाबु र काकाहरूको बचाउको लागि अदालतसमक्ष मृतक घरको छतबाट हाम फाल्दा लडी घाइते भएको भनी बकपत्र गरेको देखिए पनि घटना लगत्तै मौकामा लेखाएको कागजमा काका कामदेव महतो समेतले कुटपीट गरेको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । निजको अदालतसमक्षको बकपत्र मिसिल संलग्न कुनै पनि प्रमाणहरूबाट समर्थित हुन नआई मौकामा गरेको कागज व्यहोरा नै समर्थित हुन आएको देखिँदा निजले अदालतसमक्ष गरेको सो बकपत्र विश्वसनीय मान्न नसकिने ।

प्रतिवादीउपरको अभियोग दावी स्वतन्त्र रूपमा पुष्टि भैरहेको देखिँदा अभियोग दावीबमोजिम कसूरदार ठहर गरी मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल जेठ १९ गते रोज ४शुभम् ।

७

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-०७९२, बाटो निकास खुलाई पाऊँ, *तीर्थनारायण महर्जन समेत वि. आशामरू महर्जन समेत*

मुलुकी ऐन घर बनाउनेको ३ नं. र जग्गा आवाद गर्नेको ४ नं. मा साविकदेखि हिँडी आएको निकास बाटो कसैले पनि बन्द गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था रहेको र अंशियारहरू बीच पछि अंशबण्डा हुँदा बीचको जग्गा अर्को अंशियारको भागमा परेको कारणबाट मात्र साबिकदेखि सगोलमा प्रयोग भएको निकासमा अवरोध पुऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

८

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८५४१, खिचोला, *आशामरू महर्जन डंगोल समेत वि. तीर्थनारायण डंगोल समेत*

के कुन प्रतिवादीहरूले के कुन रीत व्यहोराबाट पुनरावेदक वादीहरूको जग्गामा गहुँको बीउ मिसाई खिचोला गरेका हुन् भन्ने स्पष्ट दावी लिई सो दावीलाई शंकारहित तवरबाट पुष्टि गराउनु पर्ने दायित्व पुनरावेदक वादीहरू उपर नै रहन्छ । तर, फिराद लेख हेर्दा त्यस कुराको स्पष्ट दावी लिन सकेको पाइँदैन । वादीका साक्षीले प्रतिवादीहरूले गहुँको बीउ मिसाई खिचोला गरेको भन्ने सम्मको बकपत्र गरेको भएपनि निज घटनाको प्रत्यक्षदर्शी रहेको भन्ने देखिँदैन । प्रतिउत्तर पत्रको समर्थनमा प्रतिवादीका साक्षीले वारदात भएकै भनिएको दिन साँधमा रहेको जग्गामा काम गर्न गएको र प्रतिवादीहरूले खिचोला नगरेको भनी प्रत्यक्षदर्शीको हैसियतमा बकपत्र गरेको देखिँदा वादीका साक्षीको भन्दा प्रतिवादीका साक्षीको बकपत्र बढी विश्वसनीय देखिँदा वादी दावी नपुग्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

९

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६५-CR-०१८१, कर्तव्य ज्यान, *पृथीबहादुर खड्का वि. नेपाल सरकार समेत*

समग्र मुद्दाको तथ्य र चिकित्सकको वैज्ञानिक नभई मनोगत रायको रूपमा रहेको सो रायका बीचमा तादात्म्यता कायम हुन नसकेको आधारमा शव परीक्षण प्रतिवेदनलाई अन्य प्रमाणको विरूद्धमा आधारभूत प्रमाणका रूपमा ग्रहण गरी न्याय निरूपण गर्न नमिल्ने ।

प्रतिवादीको साबिती बयान मात्र नभई पुनरावेदन अदालतमा गरिएको पुनरावेदनका अतिरिक्त घटनास्थल तथा लास जाँच मुचुल्का, घटनास्थलमा खिचिएको मृतकका फोटोहरू, मौकामा कागज गर्ने व्यक्तिहरूले गरिदिएको कागज, जाहेरी दरखास्त र सो व्यहोराको समर्थनमा अदालतमा आई गरेको बकपत्र समेतबाट समर्थित भएको स्थितिमा निज प्रतिवादी पृथीबहादुर खड्काले आफ्नी श्रीमती गीता खड्कालाई कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि हुन आएबाट निज प्रतिवादी पृथीबहादुर खड्कालाई अभियोग दावीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल कात्तिक १० गते रोज ३ शुभम् ।

१०

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८९५८, लिखत दर्ता बदर दर्ता, *बिन्दी यादव वि. सोमनीदेवी यादव समेत*

मिति २०३४।९।२७ मा मुलुकी ऐनमा भएको सातौं संशोधनबाट एकाको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको ६ महिनाभित्र नालेस गर्नुपर्ने कानूनी व्यवस्था भएको र विवादित कि.नं ७४ को प्रत्यर्थी वादीका पिता रामा यादवका नाउँ दर्ताको जग्गा पुनरावेदक प्रतिवादी मुनेश्वर यादवले मिति २०३६।२।५ को मालपोत कार्यालयको निर्णयबाट दा.खा. दर्ता गराएको देखिँदा थाहा पाएको ६ महिनाभित्र दर्ता बदरमा दावी लिई पर्न आएको प्रस्तुत मुद्दाको फिराद हदम्याद नघाई दायर भएको नदेखिने।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

§ यसै लगाउको २०६३ सालको फौं.पु.नं. ३७८५, कीर्ते जालसाजी, *बिन्दी यादव वि. सोमनी यादव समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.१

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. २७६२, उत्प्रेषणयुक्त परमादेश, *डम्बरबहादुर तामाङ्ग वि. दोलखा जिल्लाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समिति समेत*

रिट निवेदकले १२ वर्षपछि अति विलम्ब गरी अदालतमा उपचार माग्न आउनुको न्यायोचित आधार कारण प्रस्तुत गर्न नसकेको स्थितिमा विलम्बको सिद्धान्तको आधारमा निवेदन मागबमोजिम सहयोग गर्नसक्ने देखिएन । मालपोत कार्यालयमा २०६१।१२।२७ मा माओवादीको आक्रमणबाट स्रेस्ता नोक्सानी भई तत्सम्बन्धी कागजात उपलब्ध हुन सकेको देखिँदैन । घटना र अवस्था हेर्दा स्रेस्ता नोक्सान भएको अवस्था तथा परिस्थितिबाट फाइदा लिने नियतले अदालत प्रवेश गरेको देखिँदा सफा नियतले अदालत प्रवेश गरेको समेत देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : मुक्ता प्याकुरेल

इति संवत् २०६६ साल चैत ५ गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६२ सालको रिट नं. २५९६, उत्प्रेषण, सुरेशकुमार अग्रवाल समेत *वि. राष्ट्रिय वाणिज्य बैंक के.का. समेत*

लिएको कर्जा अनियमित भएको भन्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट छानबीन भई विशेष अदालतमा मुद्दा दायर भएको अवस्थामा निवेदकहरूले लिएको कर्जा विवादित बन्न पुगेको देखिन्छ । यस्तो अवस्थामा राष्ट्रिय बाणिज्य बैंकले आफ्नो कर्जा असूल गर्न जुनसुकै उपाय अवलम्बन गर्न कानूनतः अधिकार सम्पन्न छ भन्ने प्रष्ट हुन आउने ।

एउटै कर्जा विषयमा भ्रष्टाचार मुद्दा दायर भैसकेको अवस्थामा लिलामसम्बन्धी प्रक्रिया अगाडि बढाउन नमिल्ने भनी लिएको निवेदन दावी सम्बन्धमा विचार गर्दा भ्रष्टाचार मुद्दा र लिलामको कारवाही दुवै अलग-अलग कुरा हुन् । भ्रष्टाचार मुद्दावाट फौजदारी कार्य (Criminal Act) को निर्धारण गरिन्छ

भने लिलाम सम्बन्धी कार्यवाट (Civil Liability) देवानी दायित्व पूरा गर्ने कार्य गरिन्छ । आपराधिक कार्यको लागि सजायको मागले प्रमुखता पाउँछ भने लिलाम प्रक्रियाले लिएको ऋण चुक्ता गर्ने प्रक्रिया अगाडि बढाइन्छ । लिलाम प्रक्रियावाटै बिगो असूल भएमा दायर भएको भ्रष्टाचार मद्दामा बिगोतर्फको कारवाही सम्बन्धमा निर्णय नहुने कुरा न्यायिक जानकारी लिने बिषय हो । भ्रष्टाचार मुद्दा चल्दैमा लिलाम प्रक्रिया रोक्न नपर्ने ।

इजलास अधिकृतः- नारायणप्रसाद रेग्मी
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ०२०७, अंशबण्डा पत्र बदर, *उमिदादेवी वि. हलखोरी साह तेली*

वादी प्रतिवादीबीच भएको मिति २०५८।१०।३ को बण्डापत्र नरम गरम असल कमसल मिलाई भएको नदेखिएको स्थितिमा चित्त नबुभ्ने पक्षले बदरका लागि कानूनका म्यादभित्र नालेस दिएको देखिँदा फिराद दावीबमोजिम बण्डापत्र बदर भई नरम, गरम, असल कमसल मिलाई तायदाती फाँटवारीबमोजिमको सम्पत्तिबाट २ भागको १ भाग अंश छुट्ट्याई पाउने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको नि.नं. ०६६-MS-००१२, FN-०१९५, अदालतको अपहेलना, *देवीबहादुर रावल वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय समेत*

अदालतको अपहेलनामा अदालत नै स्वयं मुद्दाको पक्षसरह हुने हुँदा त्यस्तो मुद्दामा कारवाही अगाडि बढाउने वा नबढाउने भन्ने कुरा सूचनाको स्रोत (Means) सम्म भएको निवेदकको चाहनामा भर नपरी अदालत स्वयंले निर्धारण गर्ने कुरा हो । अदालतको अपहेलना अदालत स्वयंको मुद्दा हो र त्यसैले यसलाई अन्य मुद्दाको अपवादको रूपमा आफ्नो मुद्दामा आफैं कारवाही गर्न पाउने मुद्दा भन्ने मानिन्छ । यस्ता मुद्दामा पक्षको हित गौण हुन्छ अर्थात् पक्षको हित पूरा हुँदैमा मुद्दाको उद्देश्य पूरा हुँदैन, अर्थात् अदालतको अपहेलना भयो वा भएन भनी पक्षले निर्धारण गर्ने वा नगर्ने भन्ने हुँदैन, न त अदालतको अपहेलना भएकोमा व्यक्तिगत मुद्दामा जस्तो पक्षले क्षमा दिएर क्षम्य नै हुन्छ । कारवाही गर्ने वा नगर्ने तथा सजाय गर्ने वा क्षमा दिने जस्ता कुराहरू स्वयं अदालतले नै निर्धारण गर्ने कुरा हो । तसर्थ प्रस्तुत मुद्दामा निवेदकले मुद्दा फिर्ता गरिपाऊँ भनी दिएको निवेदन मागबमोजिम मुद्दा फिर्ता हुन नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको रिट नं. ०६३-WO-०२३४, उत्प्रेषण परमादेश समेत, *गोपाल यादव वि. गुरूदयानन्द ठाकुर समेत*

धेरै जग्गाहरू देखाइएको अवस्थामा धनीले पनि यही नै एक वा दुई वा कुनै जग्गाहरूबाट मात्र लिलाम गरी मेरो बिगो भराई दिनुपर्छ भन्नु तर्कसंगत नहुँने हुँदा धेरै जग्गाहरूमध्ये पनि बिगोले खामेसम्मका जग्गाहरूबाट मात्र लिलाम हुनसक्ने र ऋणीले पनि डाँक लिलाम हुँदाका अन्तिम अवस्थासम्म पनि नगदै बुझाउन ल्याएमा बिगोबापतको रकम नगदमै भराई दिन सकिने नै हुँदा र कारवाहीको सिलसिलामा लिलाम कार्य सम्पन्न भै नसकी कारवाहीयुक्त अवस्थामा रहेको फैसला कार्यान्वयनको कार्यलाई असर पुग्ने गरी यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी दायर भएको रिट क्षेत्राधिकारबाट सोको तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको WO-०९७४, उत्प्रेषण

समेत, *दिलबहादुर प्रजापती वि. दिल्लीराम प्रजापति समेत*

कि.नं. २८१ को जग्गा विपक्षीहरूको नाउँमा दर्ता स्रेस्ता कायम रहेको, प्राविधिकको फिल्ड प्रतिवेदनबाट विवादित जग्गामा कुनै बाटो रहे भएको नदेखिएको र सार्वजनिक बाटो साँच्चै नै घुसे मिचिएको भए सोतर्फ वैकल्पिक उपचारको मार्ग सुरक्षित रहेको स्थितिमा भक्तपुर नगरपालिकाको मिति २०६६।२।११ को निर्णय पर्चामा कुनै गम्भीर कानूनी त्रुटि भए गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खनाल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल असोज १९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको रिट नं. ३५४५, उत्प्रेषणयुक्त परमादेश समेत, *मनोजकुमार ठाकुर वि. गोपाल यादव समेत*

लेनदेनसम्बन्धमा लिलाम प्रक्रिया सम्पन्न भै लिलाम भै नसकेको र अन्तिम लिलाम हुने अवस्थामा पनि बिगोले खामेसम्म मात्र जग्गा लिलाम हुने हुँदा र लिलाम गर्दा पनि देखाइएका सम्पूर्ण जग्गाहरू नै लिलाम हुनुपर्छ भन्ने अवस्था समेत नभएको र अन्तिम लिलाम हुने अवस्थासम्म पक्षले नगदै बुझाउन ल्याउँदा पनि बुझिलिन सक्ने अवस्था समेत हुँदा र कारवाहीको सिलसिलामा लिलाम कार्य सम्पन्न भै नसकी कारवाहीयुक्त अवस्थामा रहेको फैसला कार्यान्वयनको कार्यलाई असर पुग्ने गरी यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी दायर गरेको रिट क्षेत्राधिकारबाट सोको तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल पुस ९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ०१३१, उत्प्रेषण मिश्रित परमादेश, *हरिप्रसाद गुरूङ्ग वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

कर्मचारीले आफूले प्राप्त गरेको अतिरिक्त शैक्षिक उपाधिको प्रत्येक वर्ष बढुवाको फाराम भर्दा सम्बद्धता निर्धारण गर्नुपर्छ भनी नभनेको अवस्थामा पुनः सम्बद्धताको नाममा एक पटक मान्यता पाइसकेको शैक्षिक उपाधिलाई मान्यता नदिने र अङ्क प्रदान नगर्ने अधिकार विपक्षी निकायलाई नहुने ।

सम्बद्धता निर्धारण समितिको मिति २०६६।३।१७ को निर्णय बदर भई मिति २०६४।७।२८ को निर्णयले कानूनी मान्यता पाउने भएको हुँदा मिति २०६६।३।१७ को सम्बद्धता निर्धारण समितिको निर्णयको आधारमा निवेदकको नाम बढुवा सिफारिश सूचीबाट हटाई विपक्षी गोकर्णराज अर्यालको नाम समावेश गर्ने गरी भएको विपक्षी लोकसेवा आयोगको मिति २०६६।३।२२ मा भएको निर्णय र सो निर्णयको आधारमा विपक्षी गोकर्णराज अर्याललाई दिएको नियुक्ति पत्र समेत उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब मिति २०६४।७।२८ को सम्बद्धता निर्धारण समितिको निर्णयले मान्यता पाउने हुँदा विपक्षी बढुवा समितिबाट उक्त उपाधिलाई मान्यता दिई अङ्क प्रदान गरेबमोजिम निवेदकको नाम बढुवा नामावलीमा परेको देखिँदा निर्णय मितिबाट नै जेष्ठता कायम हुने गरी निवेदकलाई बढुवा नियुक्ति दिनु भनी विपक्षी लोकसेवा आयोग समेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

§ २०६६ सालको रिट नं. ०१६०, उत्प्रेषण मिश्रित परमादेश, *हरिप्रसाद गुरूङ्ग वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

§ २०६६ सालको रिट नं. १००४, उत्प्रेषण मिश्रित परमादेश, *हरिप्रसाद गुरूङ्ग वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ००४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु श्रेष्ठ*

प्रतिवादी राजुले आफू वारदात स्थलमा उपस्थित नै छैन भन्न सकेका छैनन् मौकामा बयान गर्दा मृतकले बाटोमा पिसाब गरेको विषयमा भनाभन भै हात हालाहाल भएको कुरामा सहमत भएका छन् जुन कुरा मृतकको घा चोट र प्रहरीमा कागज गर्ने बाबुकाजी समेतको व्यहोराबाट समर्थित भैराखेको छ। मृतकलाई मार्नुपर्ने सम्मको रिसइवी तथा कुनै कारण भएको वादी पक्षले पुष्टि गर्न सकेको छैन । यस स्थितिमा मृतकले बाटोमा पिसाब फेरेको विषयमा भनाभन भै मारौं भन्ने मनसाय केही नहुँदा नहुँदै सामान्य हात हालाहाल भै केही समयपश्चात् उपचारको क्रममा मृत्यु भएको देखिँदा प्रतिवादी राजु श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बनधी महलको ५ नं. को कसूरमा ऐ. ६(२) बमोजिम २ वर्ष कैद हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ६०५, बाली मोही निष्काशन, *पञ्चू चौधरी वि. शुभलाल साह तेली*

एउटै विषयमा न्यायिक प्रक्रिया अवलम्बन गरी तह-तह निर्णय हुँदै यसै सर्वोच्च अदालतबाट अन्तिम निर्णय भैसकेको सोही विषयमा सर्वोच्च अदालतबाटै पुनरावलोकन हुने बाहेक पुनरावेदन अदालतबाट पुनः प्रमाण बुझी तथ्यभित्र प्रवेश गरी निर्णय गर्नुको कुनै औचित्य र सार्थकता हुँदैन, न त कुनै कानूनले त्यस्तो क्षेत्राधिकार नै दिएको छ। सर्वोच्च अदालतबाट पुनरावलोकन हुने बाहेक यसरी एउटै विषयमा पटक-पटक निर्णय गर्दै जाने हो भने कहिल्यै पनि विवादको अन्त्य हुँदैन । तसर्थ प्रस्तुत विवादमा एउटै जग्गाको एउटै वर्षको कुतबाली नबुझाएको विषयमा यिनै पक्ष विपक्ष भई चलेको कुतबाली मोही निष्काशन मुद्दामा यसै अदालतबाट मोही निष्काशन हुने गरी फैसला भई अन्तिम निर्णय भएको आधारमा सोलाई अन्यथा गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०६०६, मोही निष्काशन कुतबाली, *चन्देश्वर मण्डल वि. महेन्द्र मिश्र भूमिहार*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६(१) ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्नेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ। प्रस्तुत मुद्दाको विवादको कि.नं. ३०५ कै जग्गाको विवादमा यिनै पक्ष विपक्षबीच भएको २०५५ सालको कुतबाली नबुझाएको विषयमा कुतबाली मोही निष्काशन मुद्दा परी तह-तह हुँदै यसै सर्वोच्च अदालतबाट यी पुनरावेदक प्रतिवादी चन्देश्वर मण्डललाई मोहीबाट निष्काशन गर्ने फैसला भई उक्त फैसला अन्तिम भएर रहेको भन्ने देखिन्छ। यस्तो अवस्थामा मोही निष्काशन भैसकेको सोही कि.नं. ३०५ कै जग्गाको विषयमा यिनै पक्ष विपक्षबीच २०५८ सालको कुतबाली मोही निष्काशन मुद्दामा भूमिसुधार कार्यालय महोत्तरीले यी पुनरावेदकको प्रतिउत्तर लिनु र सोमा कारवाही चलाउने उल्लिखित संवैधानिक व्यवस्थाको बर्खिलाप हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३२४१, भ्रष्टाचार, मिना *नेम्वाङ्ग खनाल वि. नेपाल सरकार*

कुनै शैक्षिक योग्यता प्रमाणपत्र सक्कली हो वा नक्कली हो भन्ने सम्बन्धमा सो प्रमाणपत्र जारी गर्ने निकायको भनाई महत्वपूर्ण हुन्छ। सम्बन्धित संस्थाको अभिलेखबाट उक्त प्रमाणपत्र अनिवार्य रूपमा समर्थित हुनुपर्दछ। प्रस्तुत मुद्दामा नक्कली भनिएको विवादास्पद शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा बिहार विद्यालय परीक्षा समिति पटनाको भनाइले महत्वपूर्ण भूमिका खेल्दछ। प्रमाणपत्र जारी गर्ने निकायबाट नै पुनरावेदक प्रतिवादीले पेश गरेको सन् १९९८ को रोल नं. कोड ४४०३, क्रमाङ्क ८१९ भएको माध्यमिक परीक्षाको शैक्षिक

प्रमाणपत्र सक्कली नभएको भनी स्पष्ट रूपमा लेखी आएको अवस्थामा उक्त प्रमाणपत्र निर्विवाद रूपमा नक्कली नै रहेको देखिने।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६७ असोज १८ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २७१४, उत्प्रेषण, परमादेश, *उत्तमराज घिमिरे वि. शिक्षक सेवा आयोग सानेठिमी भक्तपुर समेत*

रिट निवेदकको माग दावीको उद्देश्य पूरा भैसकेको अवस्थामा रिट निवेदन Infractious भई रिटको औचित्य समाप्त भैसकेको देखिन्छ। यस अदालतले सार्थक र औचित्यपूर्ण अवस्थामा मात्र असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट जारी गर्दछ। प्रस्तुत विवादमा रिट निवेदनको औचित्य समाप्त (Infractions) भैसकेको हुँदा रिट निवेदनको तथ्यभित्र प्रवेश गरी निर्णय गर्नुपर्ने औचित्य नदेखिने।

इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०४०६, उत्प्रेषणयुक्त परमादेश, *शालिकराम दाहाल वि. काठमाडौं नगर विकास समितिको कार्यालय, अनामनगर काठमाडौं समेत*

निवेदकको नाममा निवेदन दावीको जग्गा आउनु पूर्व नै निवेदकका परिवारका सदस्यले आयोजनाबाट विकसित घडेरी बसोबासको लागि प्राप्त गरिसकेको देखिएको तथा १ आनाभन्दा कम जग्गा भएकालाई जग्गाको सट्टा मुआब्जा रकम उपलब्ध गराउने भन्ने निर्णय भएअनुसार निवेदकलाई रकम बुझ्न पत्र लेखिएको देखिँदा उक्त निर्णय तथा काम कारवाहीमा कुनै कानूनी त्रुटि विद्यमान रहे भएको नदेखिएको र उक्त कार्यबाट निवेदकको हकमा आघात पर्न गएको नदेखिने।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २९१२, उत्प्रेषण समेत, *दीपकचन्द्र देवकोटा वि. कृषि विकास बैंक, मुख्य कार्यालय समेत*

सुनुवाइको मौका दिनु भनेको आरोपको बारेमा जानकारी दिनुपर्छ र उक्त आरोपका सम्बन्धमा सफाइ पेश गर्ने मौका दिई आरोपीको कुरा सुनेपछि मात्र प्रमाणको मूल्याङ्कन गरी कारवाही वा सजाय गर्नुपर्छ भन्ने हो। एउटै विषय वा अपराध वा आरोप र घटनाका सम्बन्धमा दुई पटक सफाइको मौका दिई सकेपछि पटक-पटक सुनुवाइको मौका दिइरहनु पर्छ भनी अर्थ गर्नु न्यायोचित हुँदैन। सुनुवाइको मौका दिई सकेपछि आरोपित व्यक्तिले दिएको जवाफ र अन्य सम्बद्ध तथ्य वा प्रमाणको मूल्याङ्कन गरी कानूनद्वारा निर्दिष्ट सीमाभित्र रही सजाय तोक्नु अख्तियारवालाको दायित्व र कर्तव्य हुने।

निवेदक दीपकचन्द्र देवकोटालाई निजले गरेको अनियमित काम कारवाहीका सम्बन्धमा प्रथम पटक निजले गरेका कामको सम्बन्धमा स्पष्टीकरण सोधी निजको जवाफ प्राप्त भएपछि उक्त जवाफ सन्तोषजनक नभएको ठानी सजाय समेत प्रस्ताव गरी दोस्रो पटक समेत स्पष्टीकरण सोधी उक्त स्पष्टीकरणमा प्रस्ताव गरेअनुरूप बैंकको सेवाबाट बर्खास्त गर्ने सजाय गरी कर्मचारी सेवा शर्त नियमावलीअनुरूप हानि नोक्सानी भएको बिगो ऐ. नियमावलीको नियम २५ बमोजिम असूलउपर नभएमा नियमअनुसार निजबाट असूलउपर गर्ने गरी अधिकारप्राप्त अधिकारीबाट भएको निर्णय कानूनप्रतिकूल भएको नदेखिँदा उक्त निर्णय र सोलाई सदर गर्ने गरेको विपक्षी पुनरावेदन समितिको निर्णयलाई बदर गर्नु नपर्ने।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम्।

§ यस्तै प्रकृतिको २०६१ सालको रिट नं. २९७३, उत्प्रेषण समेत, *बासुदेव भट्टराई वि. कृषि विकास बैंक मुख्य कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WO-०२०४, उत्प्रेषणयुक्त, *रामरूप राय यादव वि. पुनरावेदन अदालत हेटौंडा समेत*

निवेदकले रोक्का गराएको जग्गाबाट निजको बिगो असूलउपर गरिलिन पाउने हुँदा यी रिट निवेदकको रौतहट जिल्ला अदालतमा चलेको बिगो नं. ४५६ को कारवाहीको क्रममा नि. तहसीलदारबाट मिति २०६४।६।२३ मा विवादित जग्गा रोक्का राख्ने गरी तथा विपक्षी शम्भुप्रसादको हकमा जग्गा फुकुवा नहुने गरी गरेको आदेश कानून र न्यायसम्मत भई मिलेकोमा त्यसरी कानून र न्यायसम्मत मिलेको आदेशलाई बदर गर्ने गरेको रौतहट जिल्ला अदालतको मिति २०६५।२।२४ को आदेश र पुनरावेदन अदालत हेटौंडाको मिति २०६५।६।३ को आदेश निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३७६८, उत्प्रेषण परमादेश समेत, *ईश्वरमान प्रधान वि. ओमप्रकाश तपडिया समेत*

निवेदकले विवादित शेयरमा आफ्नो निर्विवाद हक देखाउन सकेको देखिँदैन । यस्तो अवस्थामा यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत रिटबाट प्रमाण बुझी सोको मूल्याङ्कन गरी विवादित शेयरमा निवेदकको हक स्थापित हुने हो होइन भनी उक्त शेयरहरू रोक्का गर्ने गरी इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : मुक्ता प्याकुरेल
इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०२१८, उत्प्रेषणयुक्त परमादेश, *कर्णबहादुर वमरेल वि. शिक्षा मन्त्रालय समेत*

पशुपति उच्च मा.वि. व्यवस्थापन समितिले अर्को व्यवस्था नहुञ्जेल भन्दै हरिप्रसाद थापालाई प्र.अ./प्राचार्य तोकिएको काम कारवाही कानूनविपरीत रही त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । उच्च माध्यमिक शिक्षा ऐन, नियम र सम्बन्धनसम्बन्धी विनियमको प्रावधानअनुरूप योग्य व्यक्तिहरू प्र.अ./प्राचार्य तथा शिक्षक पदमा नियुक्त गरी उच्च माध्यमिक विद्यालयको सञ्चालन गर्ने सम्बन्धमा उल्लिखित कानूनी व्यवस्था कडाइकासाथ लागू गर्नको लागि नियमित रूपमा अनुगमन निरीक्षण गर्नु भन्ने समेतको परमादेश जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : मोक्ता अधिकारी
इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** दे.पु.नं. २०६३-CI-०६४४, लिखत बदर नामसारी, *रामराज बढाई वि. रामप्रित बढाई*

यिनै रामप्रित बढाई वादी र यिनै रामराज बढाई समेत प्रतिवादी भएको संवत् २०५३ सालको दे.९४३/६६ को अंश मुद्दाको मिसिल संलग्न फैसलाको प्रतिलिपि हेर्दा वादी दावीबमोजिम सम्पत्ति मूल रूपमा तीन भाग लगाई तीन भाग मंगल समेतको पर सारी एक भागमा पुनः तीन भाग गरी दुई भाग रामराज समेतको पर सारी दुई भाग आमा जोतियाको अंश भाग वादीले छुट्याई लिन पाउने ठहरी मिति २०५५।६।२९ मा भएको फैसला अन्तिम भएको भन्ने देखिन्छ । बृजमोहनका चार भाई छोराहरू रघुनन्दन, मंगल रामधनी र जतन भएका र जतनको हक खाने जोतिया भई जोतीयाले वादी रामप्रित बढाईलाई आफ्नो अंश भाग शेषपछिको बकपत्र गरिदिएको भन्ने मिसिलबाट

देखिएको छ । यसरी वादी रामप्रित बढाईले जोतियाबाट निजको अंश भागमा पर्ने सम्पत्ति शेषपछिको बकसपत्रबाट प्राप्त गरेको देखिएको र जोतियाले तीन भागको एक भाग अंश छुट्ट्याई लिन पाउने गरी भएको उक्त फैसला अन्तिम भैरहेको देखिएको अवस्था हुँदा फिराद दावीअनुसार तीन भागको एक भाग लिखत बदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

§ दे.पु.नं. २०६३-CI-०६४१, लिखत बदर नामसारी, *रामराज बढाई वि. रामप्रित बढाई*

§ दे.पु.नं. २०६३-CI-०६४२, लिखत बदर नामसारी, *रामराज बढाई वि. रामप्रित बढाई*

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. २०६६-MS-००१५, बन्दीप्रत्यक्षकरण, *प्रार्थना रायमाझीको हकमा सविता के.सी.रायमाझी, वि.रामबहादुर रायमाझी समेत*

बाबु र आमा कुनै कारणवस अलग-अलग वस्ने भएमा मातृ वात्सल्यको आवश्यकता ठानिएकी नाबालिकाले निजकी आमाको काखामा हुर्कन पाउने र आमाको स्तनपान गर्न पाउने बालकको जन्मसिद्ध तथा वाच्न पाउने अधिकारसँग गाँसिएको विषयलाई आत्मसात गरी मुलुकी ऐन लोग्नेस्वास्नीको महलको ३(१) मा भएको कानूनी व्यवस्थालाई यस अदालतले नजरअन्दाज गर्न नसक्ने ।

आमाको मञ्जूरी विना विपक्षीले वलजफ्ती राखेको कार्यलाई वच्चीको स्वतन्त्रता लगायत सम्पूर्ण हक अपहरण भएकाले स्वतन्त्रता सम्बन्धी हक हनन् भएको अवस्थामा साधारण अधिकारक्षेत्र अवलम्बन गर्नुपर्ने भन्ने जिकीर कानून र न्यायका मान्य सिद्धान्त समेतको विपरीत देखिने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** ०६३-WO-०८४८, उत्प्रेषण, प्रतिषेध, परमादेश समेत, *असगर खान वि. राजश्व अनुसन्धान विभाग समेत*

कब्जा गरिएका मालवस्तुहरू लिलाम बिक्री गर्न लागिएको हो भन्ने सम्बन्धमा शिलबन्दी बोलपत्र आव्हानको सूचना र लिखित जवाफ व्यहोरामा समेत प्रष्ट रूपमा खुलाउन सकेको देखिएन । प्रत्यर्थी विभागको लिखित जवाफमा सुरक्षाको कारण देखाई उक्त मालसामानहरू लिलाम बिक्री गर्न लागिएको कुरा उल्लेख गरिएको छ, जुन कुरालाई भन्सार ऐनको दफा २०(३) ले कब्जा गरिएका मालवस्तु लिलाम बिक्रीको आधारको रूपमा समेटिएको स्थिति छैन । साथै कब्जा गरिएका मालवस्तुहरू सडी गली जाने प्रकृतिका रहेको भन्ने अवस्था नरहनुका साथै ती मालवस्तु धैरै ठाउँ ओगटी स्थानाभाव गराउने किसिमका पनि रहेको देखिँदैन । उक्त मालवस्तुको मूल्य थपघट हुने भनी लिखित जवाफमा उल्लेख गरे तापनि के कारणले मूल्य घट्ने हो सो सम्बन्धमा विपक्षी विभागले तथ्ययुक्त प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्था पनि देखिएन । तसर्थ उक्त मालवस्तु भन्सार ऐन, २०१९ को दफा २०(३) बमोजिम तत्कालै लिलाम बिक्री गर्नुपर्ने तथ्ययुक्त ठोस आधार र कारण रहेको देखिन नआउने ।

इजालास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

§ यसै लगाउको ०६३-WO-०८९७, उत्प्रेषण, प्रतिषेध, परमादेश समेत, *असगर खान वि. राजश्व अनुसन्धान विभाग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** ०६३-WO-०८९६, उत्प्रेषण, प्रतिषेध, परमादेश समेत, *अकबर खान वि. राजश्व अनुसन्धान विभाग समेत*

राजश्व अनुसन्धान विभागबाट निवेदकबाट रू.६३,६५,४९२।- धरौटी, जेथा जमानी वा बैंक ग्यारेन्टी माग गरेकोमा निवेदकले पेश गरी तारेखमा बसेको तथ्यमा कुनै विवाद नदेखिएको, भन्सार ऐन, २०१९ को दफा १७ ले शारीरिक दण्ड नहुने कसूरको व्यक्ति रहेछ भने नेपालभित्रको बैंक ग्यारेन्टी ल्याएमा तुरून्त छाडिदिनुपर्ने व्यवस्था रहेकोले निवेदकले पहिला बैंक ग्यारेन्टी राखेको र बैंक ग्यारेन्टी स्वीकार गरेको अवस्थामा बिना कानूनी आधार आत्मपरक रूपमा व्याख्या गरी पछि बैंक ग्यारेन्टी रकम माग गर्ने गरी मिति २०६३।१२।२५ मा विपक्षी राजश्व अनुसन्धान विभागबाट भएको पत्र लगायतका सम्पूर्ण कारवाही कानूनप्रतिकूल रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

§ यसै लगाउको ०६३-WO-०८४७, उत्प्रेषण, प्रतिषेध, परमादेश समेत, *अकबर खान वि. राजश्व अनुसन्धान विभाग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६२ सालको दे.पु.नं.३७००, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

तत्कालीन भन्सार ऐन, २०१९ को दफा ३७ अनुसार परेको प्रस्तुत पुनरावेदन सम्बन्धमा राजश्व न्यायाधिकरण बिराटनगरबाट विचार हुनु पर्ने देखिनाले अधिकारक्षेत्रको अभावमा राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको मिति २०६१।६।२८ को निर्णय कानूनसम्मत भएको नदेखिने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

§ २०६२ सालको दे.पु.नं.३६९५, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

§ २०६२ सालको दे.पु.नं.३६९६, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

§ २०६२ सालको दे.पु.नं.३६९७, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

§ २०६२ सालको दे.पु.नं.३६९८, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

§ २०६२ सालको दे.पु.नं.३६९९, भन्सार मूल्याङ्कन, *दिव्यराज पोखरेल वि. विष्णुप्रसाद न्यौपाने*

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ४५३, निषेधाज्ञा, *विशेश्वर यादव, वि. राजदेव साहू समेत*

निवेदकले दावी गरेको पोखरीको सम्बन्धमा निवेदकले निर्विवाद हकभोगको प्रमाण पेश गर्न सकेको मिसिलबाट देखिएन । निवेदकउपर विपक्षी राजदेव साह र इन्दल यादव समेतले दिएको निषेधाज्ञा मुद्दा खारेज भएको भन्ने निवेदन दावीका आधारमा मात्र पोखरीमा निवेदकको हक स्थापित हुने होइन । यस बाहेक विपक्षी जिल्ला प्रहरी कार्यालय धनुषाबाट निवेदकलाई पक्राउ गर्ने कार्य नगरेको र पक्राउ गर्ने क्षेत्राधिकार समेत नरहेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिँदा निवेदकको मागबमोजिम निवेदकलाई पक्राउ गर्ने आशंकाजनित अवस्था नदेखिँदा मागबमोजिम निषेधाज्ञा आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०४८३, निषेधाज्ञा, *अम्बिकादेवी थापा वि. विष्णुकुमार गोशली समेत*

निवेदन दावीका कि.नं. १२६ र १२७ जग्गा साविकमा निवेदकको रहेको फिल्डबुक उतार र साबिकको जग्गाधनी पूर्जाको फोटोकपीबाट देखिए पनि मालपोत कार्यालय कास्कीबाट निवेदकले नै मिति २०३७।११।१६ मा जग्गा बिक्री गरी विपक्षी विष्णुकुमार गोशली समेतका नाउँमा उक्त जग्गा दा.खा. दर्ता भएको भन्ने सम्बन्धमा सो दर्ताउपर कास्की जिल्ला अदालतमा लिखत बदर, जालसाजी, दर्ता बदर समेतका मुद्दा चलिरहेको भनी उल्लेख

गरेको देखिन्छ। मुद्दा चलिरहेको अवस्थामा निवेदन दावीको जग्गामा निवेदकको निर्विवाद हक रहेको स्थिति देखिएन। यस जग्गाका सम्बन्धमा प्रतिवादीहरू उपर जग्गा खिचोला मुद्दा चली खारेज हुने ठहरी अन्तिम भएको र हाल कास्की जिल्ला अदालतमा लिखत बदर, जालसाजी मुद्दाहरू विचाराधीन रहेको भनी निवेदनमा नै उल्लेख भैरहेकोले जिल्ला अदालतमा उल्लिखित मुद्दाहरू चलिरहेको र निवेदकको निर्विवाद हक स्थापित नभएको अवस्थामा निषेधाज्ञा जारी हुने स्थिति नदेखिने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति सवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०३७४, निषेधाज्ञा, *रोमबहादुर थापा वि. सडक विभाग समेत*

निवेदकको कि.नं. ६८९, को जग्गा अरनिको राजमार्गको ८४ फीट पर पर्ने र हाल ७५ फीटसम्म मात्र सडक विस्तार भइरहेको भन्ने विपक्षीको लिखित जवाफबाट देखिँदा निवेदनमा उल्लेख भएबमोजिम निवेदकको जग्गामा पोल गाड्ने लगायतको आशंकाको स्थिति नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०३७०, निषेधाज्ञा, *रामस्वार्थ पाण्डे समेत वि. प्रद्युम्न मिश्र*

निवेदकले मोहीमा दावी लिएका कि.नं. ९२५ र ९२६ का जग्गामा भूमिसुधार कार्यालयबाट निवेदकको नाममा मोहियानी हक कायम भएको अवस्था हुँदा मोही हकको जग्गामा मोहीलाई निर्विवाद भोगको हकाधिकार रहनेमा विवाद भएन। मोही हकको जग्गामा जग्गाधनी या अरू कसैले मोहीलाई जग्गा भोग गर्नमा बाधा उत्पन्न गर्न पाउँदैन। पुनरावेदन अदालत जनकपुरबाट मिति २०६४ जेठमा भै आएको नाप नक्सा हेर्दा साविक कि.नं. १० को हाल कि.नं. ९२५ र कि.नं. ९२६ जग्गामध्ये दक्षिणतर्फबाट राजिया खातुन र उत्तरतर्फबाट इन्द्रकुमार यादवले खरीद गरी भोगचलन गरी आएको र न.नं. २ कि.नं. ९२५ को जग्गाको दक्षिणतर्फ विपक्षीले माटो पुरी हाल खाली खाल्सा रहेको भनी उल्लेख भै आएको देखिँदा निवेदक मोही रहेको जग्गामा विपक्षीले माटो पुर्ने लगायतका कार्य गरी हस्तक्षेप गरेको देखिँदा घर बनाउने लगायतका मोहीलाई प्रतिकूल असर पर्ने गरी कुनै काम नगर्नु नगराउनु भनी निषेधाज्ञा आदेश जारी हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८९५२, लेनदेन, *श्रीप्रसाद धोबी वि. छेदन तिवारी*

मिति २०४७।३।२० को शेषपछिको बकपत्रमा उल्लिखित जग्गाहरू सो शेषपछिको बकसपत्र बदर नहुँदै सदरै कायम रहेको अवस्थामा अंशियार देखिएका प्रतिवादी छेदन तिवारी समेतको अंश हकको जग्गामा यी वादीले थैली हाली राजीनामाको लिखत गरी लिएको व्यवहार पत्यारलायक नदेखिएको र शेषपछिको बकस दिने व्यक्तिले नै शेषछिको बकस पाउने व्यक्तिलाई गरी दिएको घरसारको राजीनामा लिखतमा लेखिएको साँवा रकम भराई दिने अवस्था नहुने।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-०७१२, सवारी ज्यान, *राजभक्त श्रेष्ठ वि. नेपाल सरकार*

पीडित पक्षलाई कानूनले अनिवार्य रूपमा उपलब्ध गराउन निर्धारण गरेको रकम अदालतको फैसलाबमोजिम निर्धारण समेत भएको अवस्थामा धरौटीमा नै आम्दानी बाँधी धरौटसम्बन्धी कानूनी व्यवस्थाबमोजिम सरकारी स्रेस्तामा सदर स्याहा गरी जुनसुकै अवस्थामा हकवाला खुली आएका वा

हकवाला लगायत मृतकको किरिया गर्ने व्यक्तिले प्रमाणसहित उपस्थित भएमा राज्यकोष समेतबाट भराई दिनुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-SA-०००१, खान लाउन खर्च रकम दिलाई भराई पाऊँ, *रूपी गुरूङ समेत वि. लक्ष्मी गुरूङ*

मुलुकी ऐन, अंशवण्डाको महलको १० नं. तथा लोग्ने स्वास्नीको महलको ४ नं. समेतमा लोग्ने, सासू, ससुराले स्वास्नी, बुहारीलाई इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । बुझिएका वादीका साक्षीहरूको बकपत्रबाट वादीलाई खान लाउन नदिएको भए निज माइती घरमा बसी प्रस्तुत मुद्दा दायर गर्नुपर्ने अन्य कारण समेत प्रतिवादीहरूले देखाउन नसकेको अवस्थामा वादीले प्रतिवादीहरूबाट खान लाउन समेतको लागि आवश्यक रकम भराई लिन पाउने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-१०९१, उत्प्रेषण, *गणेशराज कार्की वि. लोकसेवा आयोग आयोग, केन्द्रीय कार्यालय समेत*

लोकसेवा आयोगको मिति २०६७।१।१३ को निर्णय यी निवेदकका हकमा निर्णय भएको नदेखिई रामप्रसाद सापकोटालाई बढुवा समितिले बढुवामा सिफारिश गरेउपर अन्य व्यक्तिहरूले दिएको उजूरीका सन्दर्भमा भएको देखिन्छ । यसबाट यी निवेदकलाई तत्काल कुनै प्रत्यक्ष असर परेको अवस्था देखिएको छैन अर्थात् अन्य व्यक्तिका हकमा भएको निर्णयले यी निवेदकको हक अधिकारमा आघात पर्ने वा असर पर्ने अवस्था पनि देखिएन । जसको हकमा असर परेको हो वा सो व्यक्ति उपचार खोज्न आएको अवस्था समेत देखिँदैन । जहाँसम्म निवेदकले उक्त नियमअनुसार आफूले पहिला प्राप्त गरिसकेको अङ्कमा समेत असर पर्ने हो कि भनी आशंका देखाई निवेदनमा जिकीर लिएको छ सो सम्बन्धमा पहिला प्राप्त गरिसकेको अङ्क घट्ने छैन भनी ऐनमा व्यवस्था भइरहेको र निवेदकले कानूनबमोजिम अङ्क पाउनु पर्नेमा नपाएर आफ्नो हक कुण्ठित हुन गए सोही बखत कानूनबमोजिमको उपचार पाउन सक्ने अवस्था विद्यमान हुँदाहुँदै अर्काको हकमा देखिएको अवस्थाअनुसार भएको निर्णयलाई आधार बनाई आशंकाको रूपमा आफ्नो हक सुरक्षित गराउन हतारिएर आएको निवेदनउपर अरू विचार गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** रिट नं. ०६३-WO-७३६, उत्प्रेषणयुक्त परमादेश, *सुनील कार्की वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदकको हक हितमा असर पर्ने गरी निर्णय गर्दा निर्णय गर्ने अधिकारीले समुचित सफाइको पर्याप्त मौका प्रदान गरी आवश्यक सबूद प्रमाण बुझी कानूनको उचित प्रक्रिया पुऱ्याई कानूनसंगत ढंगबाट निर्णय गर्नुपर्ने हुन्छ । जुन कसूरका सम्बन्धमा सजाय गरिने हो सो सम्बन्धमा आरोप र सजाय समेत प्रस्ताव गरी छुट्टाछुट्टै स्पष्टीकरण माग गरी दुई पटक सो विषयमा सफाइको मौका दिई निर्णय गर्नुपर्नेमा सो नगरी एउटा आरोप र सजाय प्रस्ताव गरी स्पष्टीकरण माग गरी अर्को आरोपका सम्बन्धमा सजाय गरी भएको निर्णय कानूनसम्मत मान्न नमिल्ने र यस्तो निर्णयबाट सजाय गरिएको आरोपका सम्बन्धमा निवेदकलाई सफाइ पेश गर्ने मौका नदिएको हुन जान्छ तथा यस्तो निर्णय कानूनसम्मत नहुँदा बदरभागी हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

**इजलास नं.६**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको स.फौ.पु.नं. ३१९३, सरकारी छाप, दस्तखत कीर्ते, *नेपाल सरकार वि. कृष्णप्रसाद हुमागाईं*

कीर्ते गर्ने मतलबमा पस्दछ, लाभ लिन्छ, सरोकार राख्छ र सो काम पूरा गर्न कुनै न कुनै संलग्नता देखाउँदछ भने पनि कीर्तेको कसूरदार हुन्छ । लिखतसम्बन्धी कसूरमा भइरहेको सच्चा लिखतमा भएको अङ्क, अक्षर वा मिति वा केही व्यहोरा घटी बढी पारी सच्याउने कार्यमा संलग्न भएको व्यक्तिका हकमा केही नगरी लिखतवालालाई मात्रै जिम्मेवार बनाउने हो भने त्यस्ता अरू षड्यन्त्र गर्ने आदेश गर्ने वा मतलबमा बसी काम गरी गराई लाभ लिने ठूलो आपराधिक समूहले नै आपराधिक दायित्वबाट मुक्ति पाउने अवस्था रहन्छ । तर त्यस्तो दृष्टिकोण फौजदारी कानूनको नहुने हुँदा र प्रतिवादी कृष्ण के.सी. भन्ने कृष्णप्रसाद हुमागाईंले पनि आफूले आर्थिक लाभ लिई झूट्टा काम गर्ने बद्नियतले कालुमान तामाङ्गको सवारी चालक अनुमतिपत्र कीर्ते गरेको पुष्टि र प्रमाणित भइरहेको अवस्था देखिँदा प्रत्यर्थी प्रतिवादी कृष्ण के.सी. भन्ने कृष्णप्रसाद हुमागाईंले आरोपित कसूर गरेको ठहर्ने ।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको फौं.पु.नं. ३३७३, ३८२२, जीउ मास्ने बेच्ने र जबर्जस्ती करणी, *नेपाल सरकार वि. बिल्टु कामी, बिल्टु कामी वि. नेपाल सरकार*

एउटी नाबालिकाले आफूमाथि अपराध नगरेको भए झूट्टा कुरा बनाएर कसैलाई फसाउन पर्नेसम्मको अवस्था रहन्छ भनी कल्पना गर्न मिल्ने देखिँदैन । एउटी नारीको सतित्व प्रश्न समावेश भएको प्रस्तुत मुद्दामा बनावटी रूपमा कसैलाई फसाउने उद्देश्यले झूट्टा मुद्दा लगाइएको हो भन्ने पुनरावेदक प्रतिवादीको जिकीर पत्यारलायक समेत देखिँन आउँदैन । त्यसका साथै पीडितलाई भारतबाट नै भारतीय प्रहरीको सहयोगमा नेपाल प्रहरी तथा जाहेरवालाले उद्दार गरेको तथा प्रतिवादी सोतिलाल यादवलाई सँगै पक्राउ गरेको समेत देखिँदा यो वारदात बनावटी हो भन्ने प्रतिवादीको भनाई खण्डित भै रहेको देखिन्छ । प्रतिवादी बिल्टु कामीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले अपराध गरेको कुरा स्वीकार गरी बयान गरेको तथा उक्त बयान व्यहोरालाई जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्का एवं पीडितको प्रमाणित बयान व्यहोरा समेतले पुष्टि गरिरहेको अवस्था देखिन्छ । यस अवस्थामा अनुसन्धानका क्रममा खडा गरिएका सम्पूर्ण प्रमाणहरूको वारदात भएको तथा वारदात घटाउन यिनै प्रतिवादीको संलग्नता रहेको भन्ने तथ्य स्थापित हुने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति सवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६१ सालको स.फौ.पु.नं. ३२०१, भ्रष्टाचार, *हबिब मन्सुरी मियाँ वि. नेपाल सरकार*

गाउँ विकास समितिको निर्णयबमोजिम प्रतिवादीले स्वच्छ नियतले जग्गा उपलब्ध गराएको भए पहिला रू. ५,०००।- मात्रमा आफ्ना नाउँमा जग्गा खरीद गरी पछि दानपत्र भनी सोही जग्गा कृषि सेवा केन्द्रलाई हस्तान्तरण गराउनु पर्ने अवस्था सिर्जना हुने थिएन । त्यसका अलावा के कुन बाध्यात्मक परिस्थितिले आफ्नो नाउँमा जग्गा खरीद गरी लिएको हो र पछि किन दानपत्र भनी सोही जग्गा कृषि सेवा केन्द्रलाई पारित गरी दिएको भन्ने कुरा स्पष्ट रूपमा खुलेको नपाइँदा प्रतिवादीको कार्य भ्रष्टाचारको दायरा बाहिर रहेको मान्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको WO-०१६७, उत्प्रेषण समेत, *दिनेशकुमार महतो वि. प्रहरी प्रधान कार्यालय समेत*

निवेदकले गरेको कसूरका सम्बन्धमा छानबीन समिति समेत गठन गरी सो छानबीन समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा कानूनद्वारा अधिकार प्राप्त अधिकारीबाट कानूनबमोजिम भएको विभागीय कारवाहीको निर्णय एवं सो निर्णयउपर निवेदकको तर्फबाट परेको पुनरावेदनमा समेत कानूनबमोजिम सक्षम अधिकारीबाट सुनवाई गरी भएको निर्णय नै सदर गरेको देखिँदा उपरोक्त निर्णयहरू बदर गर्नुपर्ने स्थिति नदेखिने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७ सालको WO-०३५१, परमादेश समेत, *अधिवक्ता प्रभुकृष्ण कोइराला समेत वि.संविधानसभाको सचिवालय समेत*

विधायिका, न्यायपालिका एवं अन्य संवैधानिक अङ्गहरूले संविधानबमोजिम आ-आफ्नो विभागीय कामको अतिरिक्त कार्यपालिकाको अङ्गलाई नियन्त्रण एवं सन्तुलनमा राख्ने काम गर्ने भएपनि त्यसको दैनिक प्रशासन चलाउने कुरामा कार्यपालिका नै प्रमुख अङ्गको रुपमा क्रियाशील हुनुपर्दछ, जसको मुख्य काम शान्ति सुरक्षा कायम गर्ने, सीमा रक्षा गर्ने, शासन सञ्चालनको लागि बजेटको व्यवस्था गर्ने, विकास निर्माणका काम गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने कानूनी राज्यको संस्थापनको लागि आवश्यक निरीक्षक, संरक्षक, प्रोत्साहनकर्ता, समन्वयकर्ता, परीक्षकलगायतको विविध भूमिका निर्वाह गरी सामाजिक न्याय कायम गरी समाजमा सर्वसाधारणको हित र सामञ्जस्यता आदि कायम गर्ने महत्वपूर्ण कामहरू गर्नु रहेको हुन्छ । भनिन्छ-राज्यको उपस्थितिको अनुभूति गराउने मुख्य कार्य कार्यपालिकाकै हो, अरु अङ्गको अभावमा सुशासनको परिकल्पना गर्न सकिन्न, तर कार्यपालिका अङ्ग नै नरहने हो भने राज्य वा शासनको अस्तित्व सम्भव नहुने ।

वर्तमान अन्तरिम संविधानले देशलाई एउटा क्रियाशील अग्रगामी र न्यायपूर्ण राज्यको रुपमा रुपान्तरित गर्ने परिदृष्य राखेको पाइन्छ । त्यसको लागि सुशासनको प्रत्याभूति दिन विभिन्न कार्यपालिका, विधायिका, न्यायपालिका एवं अन्य संवैधानिक संस्थाहरूको व्यवस्था गरेकोले सबै अङ्गहरूले आ आफ्नो भूमिकाको यथायोग्य र यथाशक्य इमानदारीपूर्ण ढंगले गर्न सक्नुपर्ने ।

संसदीय चरित्रको शासन प्रणालीमा विधायिकाले मन्त्रिपरिषद् गठन गर्नु र उसलाई जन उत्तरदायी बनाउन आवश्यक अन्य उपाय गर्नु जस्ता मुख्य काम गर्नु पर्दछ । कसलाई कसरी निर्वाचित गर्ने र निर्वाचित सरकारलाई विधायिकाप्रति उत्तरदायी बनाई देशको शासन सञ्चालन गर्न कसरी लगाउने भन्ने कुरा विधायिकाको विषय भएपनि संविधानबमोजिम निर्वाचन नगरी कार्यपालिकाविहीन अवस्थामा यथास्थितिमा वा अझ अधोगामी हिसावले राखिराख्ने सोच कुनै लोकतान्त्रिक एवं अग्रगामी विधायिकाले सोच्न नसक्ने ।

संविधानको आधिकारिक व्याख्या गर्ने कार्य न्यायिक कार्य भएकोले अन्य अङ्गहरूले गर्ने कारवाहीमा न्यायिक व्याख्याको अधीन रहनु अनिवार्य छ, अन्यथा संविधानको व्याख्यामा विरोधाभाष र द्वन्द्वको अवस्था सिर्जना भएमा संविधान क्रियाशील हुन नसकी विघटन वा शून्यतामा जान बाध्य हुन्छ । जसरी संविधान बनाउने कार्य न्यायिक हुन सक्दैन त्यसरी संविधानको व्याख्या गर्ने कार्य विधायिकी वा कार्यपालिका अधीन बनाउन नसकिने ।

जनताको मौलिक एवं कानूनी हकको संरक्षण गर्ने, सार्वजनिक हक हित एवं सरोकारको संरक्षण र सम्बर्द्धन गर्ने तथा संविधानको सर्वोच्चताको संरक्षण गर्ने जिम्मेवारी पाएको संस्था भएको नाताले यस अदालतले सम्माननीय अध्यक्ष एवं सभामुखज्यूले व्यवस्थापिका संसदको कार्य सञ्चालन नियमावलीको नियम ७(५) वा नियम

७(८) मध्ये लिनु भएको निर्णयको सम्बन्धमा उठाएको प्रश्न ग्रहण गर्नु वा सो बारेमा निर्णय गर्नु स्वयं विशेषाधिकारको हननको प्रश्न हुन्छ भन्ने मान्न सकिने आधार नदेखिने ।

संविधानले हरेक अङ्गले जवाफदेहीपूर्वक काम गर्न निर्देश गरेको हुन्छ र सो नभएमा बैकल्पिक उपचार गर्न खोजेको हुन्छ । अन्यथा जनताको समस्या समाधान गर्न नसक्ने संविधान स्वयंको अपहेलना हुने र अमान्य हुने स्थिति रहन्छ । कुनै अङ्गलाई कार्यगत स्वतन्त्रता दिनुको अर्थ घोर निष्क्रियताको पनि प्रत्याभूति दिएको ठान्न सकिँदैन । संविधानअन्तर्गत प्रदत्त अधिकारको प्रयोगले संविधानको प्रभावकारितामा प्रश्न उठेमा पनि वाध्यात्मक रुपले सहन मात्रै गर्न पर्दछ, उपचारको विकल्प खोज्नु हुँदैन भन्ने हो भने राज्यले आफ्नो प्रभावकारिता र समस्या समाधान गर्ने क्षमता गुमाउन पुग्दछ । त्यसैले समसामयिक रुपमा हरेक अङ्गले आफ्नो अधिकार र कर्तव्यको प्रयोग र पालनाको स्थितिको सिंहावलोकन गरी आफ्नो भूमिकालाई जनताको हक र हितमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने कोशिस गर्नुपर्दछ ।

धारा ३८(१) बमोजिम राजनीतिक सहमति कायम भएमा निर्वाचनको स्थिति नै नपर्ने हुनाले सोसँग जोडेर जारी निर्वाचनलाई हेर्न मिल्ने देखिन्न । निर्वाचन एउटा राजनीतिक प्रक्रियामात्र नभई कानूनी प्रक्रिया पनि हो । त्यसैले निर्वाचनको कुरा गर्ने वित्तिकै राजनीतिक प्रश्नको आवरण दिएर बैधताको प्रश्न उठेको अवस्थामा त्यसलाई गौण बनाउन र पन्छाउन नसकिने ।

कहिलेकाहीँ एउटै प्रश्न कानूनी एवं राजनीतिक दुबै रुपमा प्रस्तुत हुन सक्दछ । कानूनले मूलतः प्रक्रियामा जोड दिएको हुन्छ, जसको प्रभाव राजनीतिक पनि हुन सक्दछ । त्यस्तो स्थितिमा राजनीतिक प्रश्न भनी प्रक्रियात्मक प्रश्न पन्छाउन सकिँदैन । यी कुराहरू वस्तुतथ्य हेरी गुण दोषका आधारमा मुद्दा विशेषमा निर्णय गर्नुपर्ने हुन आउँछ । यसको पूर्व ज्ञान गरी सबै परिस्थितिहरूलाई साधारणीकरण (Generalization) गर्न नसकिने ।

राज्यको क्रियाकलापहरूलाई समष्टिगत उत्तरदायित्वको रुपमा राज्यका अभियन्त्रहरूले लिन पर्दछ र कार्यगत हिसाबले आ-आफ्नो तहबाट पूरा गर्नुपर्दछ । कुनै अङ्गको क्रियाकलापको सापेक्षिक सफलता वा असफलताबाट आनुषङ्गिक रुपमा अर्को अङ्गको दायित्व वा चापमा बृद्धि हुने कुरालाई इन्कार गर्न सकिँदैन त्यसैले न्यायिक रुपबाट व्यवस्थित गर्नसक्ने हदभित्रको हो वा होइन भन्ने अवधारणा जडसूत्रको रुपबाट हेरिने विषय नभई सापेक्षिक रुपमा समसामयिक वस्तुस्थितिमा निर्धारण हुने उदीयमान र गतिशील अवधारणाको रुपमा प्रयोग गर्नुपर्ने हुन्छ । यो मापदण्डको प्रयोग अमुक वस्तुस्थितिमा हुने हुनाले वस्तुस्थितिको प्रकृतिअनुसार यो प्रयोग हुन सक्ने वा नसक्ने स्पष्ट हुने हुनाले यो मापदण्डले काम नगर्ने अवस्थाहरूको सूचीकरण सम्भव देखिँदैन ।

सबै परिस्थितिहरूको पूर्व ज्ञान गर्ने असीमित क्षमता विधि निर्माताको लागि सम्भव नहुने हुनाले समयसापेक्ष हुर्किन सक्ने क्षमतासहित संविधान निर्माण गरी दिनुपर्ने हुन्छ । र सो संविधानको व्याख्या गर्दा पनि समसामयिक आवश्यकता र सन्दर्भ वोध गरेर तदनुरुप समाधान निकाल्ने गरी व्याख्या गर्न सक्षम हुनुपर्दछ ।

व्यवस्थापिका संसद राज्यको एउटा महत्वपूर्ण छुट्टै अङ्ग हुनुको अतिरिक्त न्यायपालिका समकक्षी अङ्ग समेत भएकोले त्यस्तो संस्थाले गरेको कुनै कार्यबाट कसैको खास हक हनन् भएको भनी देखाउन नसकेको अवस्थामा त्यस्तो संसद विरुद्ध नै परमादेशको आदेश जारी गर्ने अवस्था विद्यमान देखिन नआउने ।

संविधानबमोजिम स्थापित अङ्गहरूसँग संविधानले नै कतिपय कुराको अपेक्षा गरेको हुन्छ । त्यसैले नियम कानूनको पालना गर्ने तत्परता, सोको लागि चाहिने क्षमता, असल नियत र आफ्नो कार्य गर्न चाहिने स्वतन्त्रता र निष्पक्षताका भावहरू तीमध्ये केही अपेक्षित गुणहरू हुन् । एउटा सक्षम निकायलाई भइरहेको कानूनको स्थितिको अवलोकन गरी घोषणात्मक अभिव्यक्ति दिनु मात्रै पनि समकक्षी अङ्ग वा निकायको लागि पर्याप्त हुने र त्यस्तो कार्य मूलतः कानूनी राज्य र संविधानको सर्वोच्चता कायम गर्ने हिसाबले गरिने हुँदा परमादेश जस्तो बन्धनकारी

आदेशद्वारा मात्रै समुचित निकास वा उपचार पाइन्छ भन्ने सोच्नु मुनासिब देखिन नआउने ।

इजलास अधिकृत : रमेश ज्ञवाली, श्रीप्रसाद सञ्जेल, विमल पौडेल

कम्प्युटरः अमीररत्न महर्जन र सुदिप पंज्ञानी

इति सवंत् २०६७ साल कार्तिक २४ गते रोज ४ शुभम्

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको विविध नं. ०१०३, अपहेलना, *नारायणप्रसाद आचार्य वि. छत्रबहादुर गिरी समेत,*

पक्षले कुनै कुराको दावी जिकीर लिई निवेदन गरेपछि सो दावी जिकीर पुष्टि समेत गर्न सक्नुपर्ने हुन्छ । सो केही गर्न नसकेको हुँदा अब प्रस्तुत मुद्दामा निवेदकले भनेबमोजिम अदालतको अपहेलना गरेको होला भनी अनुमान गरी कारवाही गरी राख्न वा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार २४ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको नि.नं. ०००२, अदालतको अपहेलना, *प्रेम प्रकाश श्रेष्ठ वि. माधवप्रसाद घिमिरे समेत*

कृषि विकास बैंकले यस अदालतको आदेशबमोजिम निवेदकउपरको कारवाही टुंगो लगाउनेका साथै निवेदकलाई दिनुपर्ने रकम समेत भुक्तान गरिसकेको देखिँदा यस अदालतको आदेशको अवज्ञा गरी अदालतको अपहेलना गर्‍यो भन्ने निवेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार २४ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-०७१२, उत्प्रेषण, *योगेन्द्रबहादुर बिष्ट वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय पुल्चोक समेत*

साधारण क्षेत्राधिकारअन्तर्गत चलिरहेको विवादमा साधारण क्षेत्राधिकारबाटै सक्षम निकायले निर्णय निरोपण गर्नुपर्ने अवस्था विद्यमान रहँदा रहँदै असाधारण अधिकारक्षेत्रमार्फत त्यस्तो तल्लो अदालत वा निकायमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी निर्णय दिन समेत नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

इजलास अधिकृत : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

§ यसै प्रकृतिको २०६३-WO-०९९९, उत्प्रेषण, *प्रेमप्रकाश श्रेष्ठ वि. सञ्चालक समिति, कृषि विकास बैंक, केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

## इजलास नं.७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९०७७, जग्गा खिचोला चलन, *रम्भादेवी यादव वि. बिन्देश्वरप्रसाद यादव समेत*

कि.नं. ३७ को जग्गा समेत प्रतिवादीको देखाई वादी दावीबमोजिम खिचोला ठहर गरेउपर किसन यादवले पुनरावेदन अदालत राजविराजमा पुनरावेदन पत्र समेत दायर गरेको पाइन्छ । यसबाट र नक्साको प्रकृति हेर्दा पनि उक्त न.नं. ८ कि.नं. ३७ को जग्गा समेत प्रतिवादीको मात्र मिलेन । यसरी नक्सा मुचुल्काअनुसार न.नं. ६ र न.नं. ७ को क्षेत्रफल जोड्दा प्रतिवादीको जग्गा १-०-७.३५ मात्र देखाई दर्ता स्रेस्ताभन्दा घटी जग्गा रहेको देखिन आउँछ । यसबाट वादीको कि.नं. २७ को जग्गा नक्सा मुचुल्काबाट दर्ता स्रेस्ताभन्दा कम नदेखिएको र प्रतिवादीहरूको जग्गा दर्ता स्रेस्ताभन्दा कम देखिएको छ । यसको अतिरिक्त विवादित भनिएको न.नं. ५ को प्रकृति सर्भे नक्सामा प्रतिवादीको साबिक कि.नं. २८ को प्रकृतिसँग मिलेको र सोही कि.न.. २८ भित्रकै देखिन आइरहेको छ । यस्तो अवस्थामा प्रतिवादीहरूले वादीको जग्गा खिचोला गरेको नदेखिने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ.पु.नं. ३१३१, ३२८७, भ्रष्टाचार, *बिजयराज शर्मा वि.श्री ५ को सरकार, श्री ५ को सरकार वि. बिजयराज आचार्य*

एउटै नम्बरको असूली पूर्जाको ऋणीलाई दिइने प्रतिमा बढी र बैंकको रेकर्डमा रहने प्रतिमा कम रकम हुनु तथा सोही कम रकम भएको असूली पूर्जाका आधारमा लेखा भौचर तयार गरी रकम दाखिला भएको देखिएबाट सो गर्नुपर्ने युक्तिसंगत आधार र कारण खुलाउन नसकेको सो फरक परेको रकम बैंक दाखिल गरेको भनी सोको प्रमाण पेश गर्न नसकेबाट निजले असल नियतले सो काम गरेको भन्ने पुष्टि भएको नदेखिएबाट निजको कामबाट बद्नियत पुष्टि भएको देखियो । प्रमाणमा पेश भएको ऋणीलाई दिएका असूली पूर्जाहरूको प्रति, बैंकको रेकर्डमा रहने असूली पूर्जाहरूको प्रति तथा रकम दाखिला भएको लेखा भौचरहरूको प्रतिबाट प्रतिवादी बिजयराज आचार्य र बच्चु खड्काको कोडवर्ड प्रयोग गरी तयार गरेका असूली पूर्जामध्ये निज प्रतिवादीको दस्तखतबाट असूल भई निज जिम्मा रहेको रकममध्ये रू. १५,६४,६२५।- रकम असूली पूर्जा तथा लेखा भौचर र कम्प्युटरको रेकर्ड समेत बदली सो रकम दाखिला नगरी बद्नियतसाथ हिनामिना गरी भ्रष्टाचारको कसूर गरेको ठहर्छ । सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२),१३ ले बिगोबमोजिम जरीवाना र दफा २९ बमोजिम हिनामिना गरेको बिगो निजबाट भराई दिनुपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८७३२, जग्गा हक कायम दर्ता निर्णय बदर, *बाबुराम गुरूङ्ग वि. जगना गुरूङ्ग*

न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१)(क) मात्र उल्लेख गरी दोहोऱ्याई हेर्ने कुनै खास कानूनी त्रुटि नखुलाई प्रदान गरिएको निस्साबाट मुद्दाको औचित्य र विषयवस्तुभित्र प्रवेश गरी निर्णय गरिरहनु पर्ने अवस्था भएन । अतः प्रस्तुत मुद्दामा इन्साफतर्फ विचार गरिरहनु नपर्ने भई प्रस्तुत पुनरावेदन अ.बं. १८० नं. बमोजिम खारेज हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ ३ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

§ २०६२ सालको दे.पु.नं. ८७२८, मिलापत्र बदर, *बाबुराम गुरूङ्ग वि. पार्वती परियार समेत*
§ २०६२ सालको दे.पु.नं. ८७२९, मिलापत्र बदर, *बाबुराम गुरूङ्ग वि. पार्वती परियार समेत*
§ २०६२ सालको दे.पु.नं. ८७३०, मिलापत्र बदर, *बाबुराम गुरूङ्ग वि. पार्वती परियार समेत*

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ९५०४, अंश, *हिरामणि थारू समेत वि. बढाई थरूनी समेत*

अ.बं. १३९ नं. बमोजिम बुझिएर यस अदालतबाट प्रतिवादी कायम भएकी संगिया थरूनीले समेत मूल पुर्खा जन्कु र मन्कुमध्ये जन्कुको छोरा मोटे र मोटे थारूको कुनै छोरा नभई छोरी मात्र भएकोले आफ्नो बाबुको भागबाट आफूले समेत अंश पाउनु पर्ने भनी दावी जिकीर लिएकोमा त्यसतर्फ विचार गर्नुपर्ने हुन आयो । संगिया थरूनीको बयानबाटै निजका बाबु मोटे थारूको कुनै छोरा नभएको तथा निज समेतका दुई छोरी मात्र भएका र ती दुवैजना पहिला नै विवाह भई गइसकेको देखिन्छ । विवाह गरेर गई सकेकी छोरीले आफ्नो स्वर्गीय बाबुको अंश हक प्राप्त गर्नसक्ने कानूनी व्यवस्था छैन । त्यसकारण बाबु मोटेको भागको अंश पाउनु पर्छ भनी बुझिएकी संगिया थरूनीले लिएको दावी जिकीरको कुनै कानूनी आधार छैन । कानूनी आधार र व्यवस्थाबेगर अंश हकमा दावी गर्न मिल्ने देखिँदैन । यस्तो अवस्थामा अ.ब.. १३९ नं. अनुसार बयान गर्दा अंश पाउन दावी लिए पनि संगिया थरूनीले प्रतिवादीहरूबाट अंश पाउन नसक्ने ।

इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. CI-००८९, निषेधाज्ञा, *भोलाप्रसाद सुवेदी समेत वि. जिल्ला वन कार्यालय पर्वत समेत*

निषेधाज्ञाको प्रयोजन आफ्नो निर्विवाद हक भोगको जगगा वा सम्पत्ति उपयोग वा उपभोगमा कसैले बाधा पुऱ्याउने आशंका भएमा वा निर्विवाद सम्पत्तिमा आघात पर्ने प्रवल सम्भावनाको स्थिति देखिएमा तत्कालका लागि त्यस्तो अनाधिकृत वा गैरकानूनी कार्य नगर्नु भनी विपक्षीका नाममा अदालतले आदेश जारी गर्नुपर्ने हो । सामान्यतया विवादित हकको सम्बन्धमा निषेधाज्ञाको आदेश जारी हुँदैन । यसको अतिरिक्त कुनै सम्पत्तिमा कसैको हकको सिर्जना गर्नु गराउनु पनि निषेधाज्ञाको प्रयोजन होइन । निषेधाज्ञाको माध्यमबाट कसैले कुनै कुरामा आफ्नो स्वामित्व कायम गराउन नपाउने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको पु.वे.नं. ०३५१, परमादेश, *रूद्रबहादुर कार्की वि. जिल्ला प्रशासन कार्यालय, खाँदबारी समेत*

फौजदारी मुद्दाको सन्दर्भमा बरामद गरिएका सामानहरू उक्त मुद्दा किनारा हुँदाका अवस्थामा सोही मुद्दाको फैसलाले ठहरेबमोजिम हुने हुँदा उक्त विषयमा प्रस्तुत निवेदनबाट बोल्न मिल्ने हुँदैन । अर्कोतर्फ यी निवेदकहरूलाई उक्त सामानहरू ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा बरामद गरिएको र सुरक्षितसाथ राखिएको भनी कारागार शाखालाई लेखिएको च.नं. ५६३ को जिल्ला प्रशासन कार्यालय खाँदबारीको बोधार्थ पत्रद्वारा जानकारी गराइसकेको अवस्थामा निवेदकले भनेजस्तो बिना कुनै आधार उठाई लगेको स्थिति देखिन आएन । तसर्थ मागबमोजिम परमादेशको आदेश जारी गर्नु नपरी निवेदन खारेज हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०४८५, निषेधाज्ञा, *प्रेमबहादुर थापा वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

कानूनबमोजिमको जिम्मेवारी पूरा गर्नुपर्ने सरकारी निकायहरूले गैरकानूनी ढंगले निवेदकको नागरिक हकमाथि आघात पार्ने काम गर्न लागेको वा गर्ने प्रवल आशंकाको स्थिति विद्यमान भएमा निषेधाज्ञाको आदेश जारी हुन सक्ने हो । तर प्रस्तुत मुद्दाको सन्दर्भमा विपक्षी सरकारी कार्यालयहरूको भविष्यमा कानूनबमोजिमको कारवाही गर्नबाट रोक्ने गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. २०६४-WO-००३२, उत्प्रेषण समेत, *घनश्याम अर्याल वि. जिल्ला विकास समिति सिद्धार्थनगर भैरहवा रूपन्देही समेत*

दुई गा.वि.स. को बीचमा बाटो उपभोगको सम्बन्धमा विवाद उत्पन्न भएपछि राजनैतिक सहमतिका आधारमा जिल्ला विकास समितिबाट उक्त बाटोको ०६४।०६५ को ठेक्का आव्हान जि.वि.स. आफैंले गर्ने र प्राप्त रकम दुबै सीमानामा पर्ने गा.वि.स. हरूलाई आधा आधा छाडी दिने गरी २०६४।२।२८ मा निर्णय भएको रहेछ । यो निर्णय स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रतिकूल रहेको पाइएको छैन, यसका साथै जिवि.स.को निर्णयले निवेदक गा.वि.स. लाई प्राप्त हुने आयको रकमबाट आधा दिन भनेपछि सबै पाउनु पर्दछ, एक्लैले सो बाटोबाट प्राप्त हुने आय उपयोग गर्न पाउनुपर्छ भन्ने निवेदक गा.वि.स.को जिकीर युक्तिसंगत मान्न नसकिने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

§ यसै लगाउको २०६४ सालको दे.पु.नं. ०७७७, परमादेश मिश्रित निषेधाज्ञा समेत, *घनश्याम अर्याल वि. शंकरनगर गा.वि.स.को कार्यालय, शंकरनगर, रूपन्देही समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०६९२, मोही जग्गा खिचोला मेटाई चलन, *जङ्गबहादुर अहिर वि. टेकबहादुर अहिर*

वादीको नाममा एकलौटी मोहियानी कायम भइरहेको जग्गा एकै बाबुका छोराहरू वादी प्रतिवादी भएकै आधारले मात्र छुट्टी भिन्न भएको प्रतिवादीले आफूले पनि उक्त जग्गा पाउनु पर्दछ भनी जिकीर लिए पनि मोही लागेको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ अनुसार बण्डा लाग्न सक्तैन । यसरी वादीको मोहियानी हकको जग्गामा आफूले भोग गरेको भनी प्रतिवादीले स्वीकार गरेको तथा साक्षी सर्जमीन समेतबाट उक्त कुरा पुष्टि भएकोले वादीको मोहियानी हक भोगको जग्गामा प्रतिवादीले जोत खिचोला गरेको देखिने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ११४५, निषेधाज्ञा, *कान्छी रोक्का वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल समेत*

निवेदिकाले आफू बसी रहेको घर विपक्षीको भएको कुरा स्वीकार गरी रहेको पाइन्छ । विपक्षीमध्येको विष्णुप्रसाद चालिसेको हक भोगको जग्गामा निर्माण गरेको घरको मूल्य रू.१,१०,०००।- यी निवेदिकाले बुझी ३५ दिनभित्र घर खाली गरी दिने गरी २०६२।२।१८ मा संझौताअनुसार निज कान्छी रोक्काले आफ्नो नाउँमा कृषि विकास बैंक शाखा कार्यालय चाबहिलमा खाता खोली रू.१,१०,०००।- जम्मा गरेको भनी कृषि विकास बैंक शाखा कार्यालय चाबहिलको मिति २०६३।८।२६ च.नं. ७०० को पत्रबाट देखिइरहेको सन्दर्भमा निजले आफूले पाउनुपर्ने रकम पाइसकेको देखियो । यसरी दुबै पक्षको सहमतिमा भएको घर छाडिदिने र रकम लिने, दिने दुवै कार्य सम्पन्न भइसकेको हुँदा निवेदिकाको कुनै हक अधिकार हनन् हुने अवस्था नदेखिने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०१३४, लागू औषध गाँजा, *नेपाल सरकार वि. डिलबहादुर गुरूङ्ग*

अनुसन्धान अधिकारीसमक्ष एउटा अभियुक्तले गरेको पोलको आधारमा मात्र सबूद, प्रमाण बेगर शंकाको भरमा प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०४०४, दाखिल खारेज नामसारी निर्णय दर्ता बदर, *विष्णु गिरी समेत वि. दीपककुमार श्रेष्ठ समेत*

कानूनबमोजिम स्थापित भएको वित्तीय संस्थाले आफूले लगानी गरेको कर्जा असूलउपर गर्ने सन्दर्भमा गरेको लिलामसम्बन्धी कामकारवाही बिना आधार र कारण कुनै व्यक्तिले दवी लिंदैमा बदर गर्दै जानु न्यायको रोहमा उपयुक्त नदेखिने ।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०३५४, कर्तव्य ज्यान, *बन्हु विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीले आफूले मृतक जानुका नेपालीलाई धारिलो हतियार खुकुरी प्रहार गरेको चोटबाट मृत्यु भएको र बरामद भएको खुकुरी मेरै हो भनी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरी जाहेरी दरखास्तलाई समर्थन गरेका छन् । अदालतमा बयान गर्दा पनि वारदात भएको र आरोपित कसूर गरेको भनी साबिती बयान गरेको र अनुसन्धानका क्रममा कागज गर्ने मनकुमारी राई दिलबहादुर सुर्खेती, पृथीमान बिसंखे, मंगल सिंह रोक्का, शुक्रबहादुर खिलुङ, गणेश रोक्का समेतले प्रतिवादीकै प्रहारबाट मृतकको मृत्यु भएको हो भनी लेखाई दिएको र निजहरूले अदालतमा बकपत्र गर्दा पनि प्रतिवादीकै प्रहारबाट मृतकको मृत्यु भएको हो भन्ने कुरा लेखाई दिएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा घाँटीको दाहिने र बायाँतिर तालुको हाडमाथि काटिएको, घाउ भएको कम्मरको २ वटा करङ्ग काटिएको, काटिएको भागबाट अत्याधिक रक्तश्राब भई जानुका नेपालीको मृत्यु भएको भन्ने देखिएबाट पनि प्रतिवादीको साबिती बयानको पुष्टि भएको छ । यी प्रतिवादीले निज र निजकीश्रीमती कल्पना बि.क. बीचको विवाद समाधानको प्रयास गर्न आएकी जानुका नेपालीलाई एकपटक मात्र होइन पटक-पटक धारिलो र जोखिमी हतियार खुकुरीले हानि लडाई मारेको तथ्य घटनाक्रम र सो संग सम्बन्धित प्रमाणहरूबाट पूर्ण रूपले पुष्टि हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं.-CI-००६०, लिखित खिचोला मेटाई पाऊँ, *सागरमान सिंह अमात्य वि. मेवाकुमारी अमात्य समेत*

वादी दावीको र.नं. ७१९ को ज.बि. ०-१-५ जग्गाको हक स्वामित्व साविकमा वादीहरूको बाबु नरमान रहेकोमा विवाद छैन । निजपछि सो जग्गाको भोगको सम्बन्धमा हेर्दा यसै विवादसँग सम्बन्धित बाटो खिचोला समेत मुद्दामा पुनरावेदन अदालत, हेटौंडाको आदेशबमोजिम भएको २०५६।४।१९ को नक्सामा जीरह गर्दा यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो भोगचलनमा रहेको भन्न नसकी वादीको भोगचलनमा रहेको कुरालाई स्वीकार गरेकै देखिन आयो । साथै २०२३ सालमा प्रतिवादीले अमिरमानको नामको जग्गा भनी नक्सा पास दरखास्त दिई नक्सा पास भएपछि घर बनाई वादीहरूले निरन्तर भोगचलन गरेको भन्ने वादी दावी जिकीरको प्रतिवादीले अन्यथा हो भनी भन्न सकेको वा सप्रमाण खण्डन गरेको देखिएको छैन । यस्तो अवस्थामा उक्त रै. नं. ७१९ को जग्गामा वादीको हक भोग रहेको कुरा पुष्टि हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. १०९१, घर जग्गा खिचोला छोडाई घर भत्काई चलन, *राम आधार मिश्र समेत वि. सुरेन्द्र मिश्र ब्राम्हण*

बाबुले सट्टापट्टा गरिलिएको भने पनि कुन आफ्नो जग्गा वादीलाई दिई वादीको जग्गा कस्तो लिखत गरिलिएको हो भन्ने पनि प्रतिवादीले खुलाउन नसकेको अवस्थामा वादीको कि.नं. ५४ प्रतिवादीहरूका बाबुले सट्टापट्टा गरिलिएको प्रमाणित हुन आएन । यसका अतिरिक्त प्रतिवादीहरू स्वयंले दुई विरोधाभाषपूर्ण जिकीर पनि लिएको देखियो । पहिलो के भने कि.नं. ५४ को ऐलानी हो भन्ने र दोस्रो वादीसंग प्रतिवादीको बाबुले लिएको भन्ने कुरा उक्त जग्गा वादीको हकको नभएको भए प्रतिवादी भनाईअनुसार सट्टा पट्टा गरिलिनु पर्ने अवस्था नै पर्ने थिएन । तर सट्टा पट्टा गरी लिएको भए त्यसको प्रमाण प्रतिवादी पक्षले नै पुऱ्याउन सक्नुपर्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको फौ.पु.नं. ३३२५, ठगी, *नेपाल सरकार वि. रामकुमार तामाङ्ग समेत*

जाहेरवालाको नामदर्ताको जग्गालाई निज मरेको हो भनी सर्जमीनमा सहीछाप गरिदिएको कारणबाट प्रतिवादी राजकुमारको आमाको नाममा जग्गा नामसारी हुनमा सोही सर्जमीन नै मूल कारकका रूपमा देखा परेको छ। सही गरेपछि सो कागजले उत्पन्न गर्ने प्रतिक्रियाको भागी हुनपर्दछ। यसरी गाउँ सर्जमीनका मानिसहरूले भएको सत्य व्यहोरालाई छिपाई नभएको व्यहारा लेखाई दिने कार्यलाई प्रश्रय पाउने हो भने अराजकता सिर्जना हुन जान्छ, कानूनको शासन पलायन हुन जान्छ। अत: भएको व्यहोरालाई लुकाई नभएको व्यहोरा लेखी लेखाई सहिछाप गरी उक्त ठगी गर्ने कार्यमा सघाउ पुऱ्याउने यी प्रतिवादीहरूलाई उक्त ३ नं. कित्ता जग्गाहरू उसै दिन हक हस्तान्तरण गर्दा खोलिएको बिगो रू.४२,०००।- बराबरको ठगी गर्ने कार्यमा यिनीहरूको संलग्नता देखिने।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम्।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०३१९, उत्प्रेषणयुक्त परमादेश, *सुदर्शन कार्की समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

२०६६।२।१८ र २०६६।२।२४ मा प्रकाशित भइसकेको बढुवा विज्ञापनअनुसारको बढुवा पक्रिया प्रारम्भ भई सकेपछि त्यसलाई भूतलक्षी ढंगले प्रभावित गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको २०६६।३।८ र २०६६।५।१ को निर्णय यी रिट निवेदकहरूको हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने।

नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिले मिति २०६६।५।२० मा गरेको विनियमावलीको नवौं संशोधनको व्यवस्था सोभन्दा अगावै मिति २०६६।२।१८ र २०६६।२।२४ को बढुवा प्रक्रियामा सहभागी भई सकेको यी निवेदकहरूको हकमा लागू नहुने र प्रकाशित भैं सकेको बढुवाको विज्ञापनमा साविक बमोजिमकै शैक्षिक योग्यता यी निवेदकहरूको हकमा सम्म कायम राखी निवेदकहरूको दर्खास्त पनि सोहीअनुसार कायम राखी सो बढुवा सूचनाअनुसार प्रकाशित पदहरूको कानूनबमोजिम परिणाम प्रकाशित गर्नु भनी विपक्षी नेपाल विद्युत प्राधिकरणको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल साउन ३० गते रोज १ शुभम्।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०७२८, कुलोपानी *चित्रबहादुर बस्नेत समेत वि. खिमलाल डाँगी समेत*

वादीहरूले फिरादपत्रमा गुहार खोला र जन्द्रा सोताको पानी सिंचाई योजनाको संयुक्त कुलोबाट बण्डा गरी आएको उल्लेख गरे तापनि २०४८।८।१४ मा जल उपभोक्ता समिति गठन भई संस्था दर्ता समेत भएको र योजनाको निर्माण कार्य चालु रहेको अवस्थामा जल उपभोक्ता समितिले मिति २०४९।९।११ गते जन्द्रा सोताको पानी मुख्य बाँधसम्म ल्याउनका लागि पक्की कुलाको निर्माणको लागि व्यवस्था गर्ने निर्णय गरेको देखिन्छ। उपर्युक्त तथ्यबाट जन्द्रा सोताको पानीलाई सो सिंचाई योजनाले समेटेको देखिँदैन। यदि समेटेको भए योजनामा पार्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्नु पर्ने स्थिति नरहने।

इजलास अधिकृत भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम्।

## इजलास नं.९

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-००५९, बन्दीप्रत्यक्षीकरण, *भीमबहादुर गुरूङ्ग समेत वि. जिल्ला प्रहरी कार्यालय, ललितपुर समेत*

आफूकहाँ परेको उजूरीका सम्बन्धमा मुद्दा हेर्ने अधिकारीबाट बाटाका म्यादबाहेक पक्राउ गरेको २४ घण्टाभित्र अनुमति लिई अनुसन्धान गर्न विपक्षीमध्येको महानगरीय प्रहरी परिसर ललितपुरले

पाउने कानूनी अधिकार भएको र सोबमोजिम म्याद थप दिने समेतको अधिकार ललितपुर जिल्ला अदालतलाई सम्बन्धित कानूनले तोकेको देखिँदा विपक्षीहरूले आफूलाई प्राप्त कानूनी अधिकारबमोजिम नै कर्तव्य निर्वाह गरेको भन्ने तथ्य विवादरहित रूपमा पुष्टि हुन आयो । यस्तो अवस्थामा निवेदकहरूलाई गैरकानूनी थुनामा राखेको भन्ने निवेदन जिकीर कानूनसंगत नदेखिँने ।

इजलास अधिकृत : नाायणप्रसाद दाहाल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ १६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३-WO-०८२५, उत्प्रेषण, *छेवाङ धुण्डुप कंसाकार वि. गाउँ विकास समितिको कार्यालय, थानकोट, काठमाडौं समेत*

जुन सिफारिशका आधारमा उक्त निर्णय भएको हो सो निर्णय नै बदर भैसकेपछि सिफारिशको कुनै औचित्य तथा उपादेयता बाँकी रहेको नदेखिँदा निवेदन मागबमोजिम उक्त मिति २०६३।२।१४ को गा.वि.स. थानकोटको सिफारिश बदर गरिरहनु नपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३१४२, परमादेश समेत, *गोपालबहादुर सुवाल वि. काठमाडौं महानगरपालिका कार्यालय समेत*

कानूनबमोजिम स्थापित निकायले आफूसमक्ष परेको निवेदनका सम्बन्धमा कानूनबमोजिम गर्न मिल्ने हो वा होइन सोको उचित समयमा निकास दिनुपर्ने कानूनी दायित्व उक्त निकायमा रहने कुरामा बिमती जनाउनु पर्ने अवस्था रहँदैन । यस्तो कानूनी दायित्व निहीत रहेका साधिकार निकायहरूले नागरिकका हक अधिकार गाँसिएका विषयमा झन् बढी सचेत रहनु जरूरी हुने ।

आफ्नो कार्यालयमा पर्न आएका निवेदनमा उचित कानूनी प्रक्रिया अपनाई समुचित समयमा टुङ्गो लगाउने जिम्मेवारी त्यस्ता साधिकार निकायको कानूनी कर्तव्य समेत हो । यस्तो कानूनी कर्तव्यलाई बेवास्ता गरी निवेदकले मिति २०६२।८।१९ मा दर्ता गरेको दर्ता नं. ३३७ को निवेदनउपर काठमाडौं महानगरपालिकाले कुनै आदेश वा कानूनी कारवाही गरेको नदेखिँदा उक्त निवेदन मागबमोजिम गर्न मिल्ने हो वा होइन जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम कारवाही गर्नू भनी काठमाडौं महानगरपालिकाको नाउँमा परमादेश सम्म जारी हुने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३०६२, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मीप्रसाद नागिला वि. मालपोत कार्यालय तनहुँ*

निवेदकले छूट जग्गा दर्ता गरिपाऊँ भनी दावी लिएका जग्गाहरूको फिल्डबुकमा बन बुटेन र भीर पाखा जनिएको देखिई नेपाल सरकारका नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय तनहूँले गरेको मिति २०६२।८।१४ को निर्णय उक्त कार्यालयलाई भएको कानूनी प्रक्रिया र अधिकारभित्र नै रहेर गरेको देखिँदा निवेदन माग दावीबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनसक्ने स्थिति नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट न. २७६१, परमादेश समेत, *अवधेशकुमार कर्ण वि. जनकपुर नगरपालिका कार्यालय, जनकपुर समेत*

निवेदक स्थायी नियुक्ति प्राप्त कर्मचारी भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव देखिएको, निवेदकले स्थायी भएको भनिएको मितिपश्चात् पनि पटक-पटक अस्थायी कर्मचारीको रूपमा तलव भत्ता बुझेको र अस्थायीको म्याद समेत थप भएको देखिएको तथा निवेदकलाई २०६१।२।१ देखि म्याद थप नहुने भन्ने व्यहारोको जानकारी मिति २०६१।२।१८ को पत्रद्वारा गराइएकोमा तत्काल उपचार खोज्न सचेष्ट नभै

मिति २०६२।६।१३ मा मात्र अदालत प्रवेश गरेको देखिँदा प्रस्तुत निवेदन अनुचित विलम्ब गरी दर्ता भएको समेत हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युतटर : सुदिप पञ्जानी

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०८६५, ००८२, करार बदर गरी क्षतिपूर्ति दिलाई पाऊँ, *बेखा महर्जन वि. पवनकुमार के.सी., पवनकुमार के.सी. वि. बेखा महर्जन*

करारको कुनै एक पक्षको गल्तीले करार अन्त्य भएमा यसरी गल्ती गर्ने पक्षले यस्तो करार अन्त्य हुनुभन्दा पहिले गरेको कामको वास्तविक पारिश्रमिक वा कुनै जिन्सी प्राप्त गरेको भएमा सोको मूल्य अर्को पक्षलाई भुक्तानी गर्ने दायित्वको बारेमा दफा ८५ को व्यवस्था गरेको हुँदा दफा ८५ को व्यवस्था करार उल्लंघन हुँदा प्राप्त हुने क्षतिपूर्तिसम्बन्धी व्यवस्था होइन भन्ने देखिन्छ । कुनै एक व्यक्तिले अर्को व्यक्तिसँग कुनै सेवा वा वस्तु नगद प्राप्त गरेपछि निजले सोको मुनासिब मूल्य वा पारिश्रमिक त्यस्तो सेवा वा वस्तु वा नगद उपलब्ध गराउने व्यक्तिलाई भुक्तानी गर्नुपर्ने दायित्वको बारेमा नै दफा ८५ को व्यवस्था सीमित छ । गल्ती गर्नेले निर्दोष पक्षबाट नाजायज फाइदा (Unlawful Enrichment) लिन पाउन हुँदैन भन्ने मनसाय नै दफा ८५ मा गरिएको व्यवस्थाबाट देखिन्छ । प्रस्तुत विवादमा पुनरावेदक प्रतिवादीले जग्गाको मूल्य भनी रू.३०,००,०००।- बुझी लिएको र निजकै कारणले उक्त विवरण फरक परेको कारणले वा अन्य कारणले पुनरावेदक वादीले चाहेको जग्गाको स्वामित्व प्राप्त गर्न नसकेको अवस्थामा उक्त रू.३०,००,०००।- वादीले फिर्ता पाउन नसक्ने हो भने यस मुद्दाका पुनरावेदक प्रतिवादीले नाजायज फाइदा (Unlawful Enrichment) प्राप्त गर्ने स्थिति उत्पन्न हुने हुँदा उक्त रकम प्रतिवादीले पुनरावेदक वादीलाई भुक्तानी गर्नुपर्ने नै देखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०१२७, उत्प्रेषण समेत, *देवीलाल खनाल वि. वीरेन्द्रनगर नगरपालिकाको कार्यालय, वीरेन्द्रनगर सुर्खेत समेत*

विपक्षीहरू तारेख गुजारी पुर्पक्षमा नरहेका, बाटो निर्माण भएको भनिएको जग्गा निवेदकका नाममा दर्ता रहेको, निर्माण गर्न लागेको कुरा नगरपालिका बाहेकका अन्य विपक्षीहरूले स्वीकार गरेका, जग्गा प्राप्ति ऐन, २०३४ अनुसारको प्रक्रिया पूरा गरेको नदेखिएको समेतका आधारबाट निवेदकको निर्विवाद हकभोगको जग्गामा कानूनबमोजिम जग्गा प्राप्त नगरी विपक्षीहरूले बाटो निर्माण गर्न नपाउने र व्यक्तिगत सम्पत्तिमा कानूनअनुरूप निर्माण गर्दा व्यक्ति विशेषले क्षतिपूर्ति पाउनु पर्ने समेतको बाध्यात्मक कानूनी व्यवस्था देखिएकोले कानूनबमोजिमको प्रक्रिया पूरा गरेर मात्र व्यक्तिगत सम्पत्तिमा निर्माण गर्न पाउने अवस्थामा सोतविपरीत अनाधिकार रूपमा निवेदकको कि.न. ५६० को जग्गामा कुनै प्रकारको निर्माण कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३६३५, रकम असूलउपर, *डा. प्रकाश प्रधान समेत वि. राष्ट्रिय खेलकुद परिषद् समेत*

कानूनद्वारा अधिकारप्राप्त निकायले एक पटक बेरूजू औंल्याएको रकमलाई पुनः सम्परीक्षण गरी बेरूजू फछ्र्यौट गरिसकेपछि सोही सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सो विषयमा पुनरावेदकलाई सुनुवाइको मौका समेत नदिई पकेट खर्च भनी निर्णय गराई लिए पाएको उक्त रकम अबिलम्ब असूलउपर गरी लिनु भनी गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६१।९।१६ को निर्णय मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत :श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम्।

§ यसै लगाउको २०६२ सालको रिट नं. ३५८२, उत्प्रेषण परमादेश, *डा. प्रकाश प्रधान समेत वि. राष्ट्रिय खेलकुद परिषद् समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३५७८, प्रतिलब्धी दर घटीसम्बन्धी अन्तःशुल्क, *विश्वनाथ केडिया वि. आन्तरिक राजश्व कार्यालय, जनकपुर*

आर्थिक ऐन, २०५५ ले कति खुदोबाट कति रेक्टीफाइड स्प्रीट बन्दछ भन्ने कुरा पनि तोकेको पाइन्छ। खुदोबाट स्प्रीट र मदिरा के कति कुन परिमाण मात्रामा उत्पादन भएको छ र त्यसमा के कस्तो प्रतिलब्धी दर कायम गरी अन्तःशुल्क लगाउने पर्ने हो वा नपर्ने हो सोतर्फ तत्कालीन विद्यमान ऐन कनून तथा उद्योगको स्थिति र अवस्थाको वास्तविकतालाई समेत मध्यनजर गरी बुझ्न पर्ने आवश्यक प्रमाण बुझी वास्तविक कर निर्धारण गर्नुपर्नेमा सोअनुसार अन्तःशुल्क वा कर निर्धारण भएको नदेखिँदा राजश्व न्यायाधिकरण काठमाडौंले तत्कालीन मूल्य अभिवृद्धि कर कार्यालय जनकपुरको निर्णय सदर गरेको फैसला नमिलेको हुँदा बदर हुने।

इजलास अधिकृत :श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको दे.पु.नं. ८११०, जग्गा खिचोला मेटाई जग हटाई चलन, *सत्यनारायण श्रेष्ठ वि. हरिकृष्ण कर्माचार्य*

आफ्नो हकभोगभित्रको जग्गामा घर निर्माण गर्दा सामान्यतया प्रकृतिअनुसार सो घरको वातावरण नबिग्रिने गरी जग्गाले पुगेसम्म तारबार पर्खाल लगाउन जग्गा छोडिएको हुन्छ। घरको कोठाहरूमा झ्याल राखिएको हुन्छ। त्यस्तो कुनै किसिमको भौतिक स्वरूप नदेखिँने गरी अरूको जग्गातर्फ पूरै सटेर घर बनाई त्यस्तो जग्गातर्फ सटेको घरतर्फ कुनै झ्याल, भेन्टीलेशन एवं कुनै निकास नछाड्नु नै आफ्नो हकको जति जग्गा उपभोग गरेको छ भनी सहज अनुमान गर्न सकिने विषय हो। किनकि न.न. ७ र ८ को वादीको घरमा प्रतिवादीको जग्गातर्फ कुनै झ्याल समेत नराखी सटर बनाएको वादीको घर रहेको र न.नं. ७ को पक्कीघरको दक्षिणतर्फ वादीले कुनै निकास समेत छोडेको नपाइँदा प्रतिवादीले खिचोला गरेको नदेखिने।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम्।

§ यसै लगाउको २०६० सालको दे.पु.नं. ८१०९, जग्गा खिचोला चलन, *सत्यनारायण श्रेष्ठ वि. हरिकृष्ण कर्माचार्य* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९५४८, निर्णय दर्ता कायम, *महेन्द्रनारायणदास कायस्थ वि. किरणकुमारी कर्ण*

पुनरावेदन अदालतबाट मिति २०५९।२।२२ मा भएको नक्साबाट विवादित न.नं. १०,१०(१) र ११ को जग्गा नै वादी दावीको जग्गाभित्र पर्ने देखिएकोले सो जग्गाको हुन आउने जम्मा क्षेत्रफल ०-२-१८.११ देखिएबाट वादीको दावी केवल ०-२-१४ को जग्गा मात्र मेरो हकभोगको हुँदा सो हदसम्मको प्रतिवादीको नाउँको लगत कायम गर्ने मालपोत कार्यालयको निर्णय र लगत बदर गरी मेरो नाउँमा लगत कायम गरी पाऊँ भन्ने हुँदा मिति २०५९।२।२२ मा पुनः भएको नक्साले जिल्ला अदालतबाट मिति २०५६।२।१४ मा भएको पूर्व नक्सालाई बदर गरिसकेको हुँदा मिति २०५९।२।२२ को नक्साको न.नं. ४ को दलु मण्डल भन्ने दलुवाको घर जग्गादेखि उत्तरतर्फ विवादित न.नं. १०,१०(१) र ११ को जम्मा क्षेत्रफल ०-२-१८.११ मध्ये ०-२-१४ वादीले पाउने र अरूमा दावी पुग्न नसक्ने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल भदौ २१ गते रोज २ शुभम्।

§ यसै लगाउको २०६२ सालको दे.पु.नं. ९५४९, घर उठाई जग्गा खिचोला चलन, *महेन्द्रनारायण लाल दास कायस्थ समेत वि.हृदयनारायण लाल दास समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०५९ सालको स.फौ.पु.नं. ३२५८, नागरिकता, *नेपाल सरकार वि. बच्चाप्रसाद सिंह*

नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३क) र दफा १५ को व्याख्या र प्रयोगमा उपर्युक्त रिट नं. १४२१ मिति २०४०।५।२० मा प्रतिपादित सिद्धान्त र फौं.पु.नं. ३४८८ मिति २०६४।८।६ मा प्रतिपादित सिद्धान्तमा परस्पर फरक व्याख्या नजीर कायम भएको र उक्त दफा १०(३क) र दफा १५ को प्रयोगमा जटिल कानूनी प्रश्न समावेश भएको हुँदा उल्लिखित प्रश्नहरूको निर्णय पूर्ण इजलासबाट हुनुपर्ने उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१) को (ख) र (घ) को प्रश्नमा यो मुद्दा पूर्ण इजलासमा पठाई दिनुपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-००३१, *देवकरण कलवार समेत वि. मैनादेवी पञ्जियार*

जुन विषयमा खिचोला भयो भनिएको छ त्यही विवादित जग्गा नै वादीले यिनै प्रतिवादीका ोरालाई जग्गाको हक र स्वामित्व नै हस्तान्तरण गरिसकेको मिलापत्र सरहको निवेदन अदालतसमक्ष पेश गरेको देखिन्छ । जिल्ला अदालतमा यस अदालतबाट नक्सा हुन गएको क्रममा मुद्दा अदालतसमक्ष विचाराधीन नै रहँदाका अवस्थामा सोही जिल्ला अदालतमा दुबै पक्षबाट प्रस्तुत यी कागजातलाई मान्यता दिँदा जग्गाको स्वामित्वमा कुनै फरक नपर्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम् ।

§ यसै लगाउको २०६३-CR-००१६, लुटपीट, *देवकरण कलवार वि. मैनादेवी पञ्जियार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९२७६, ९४५९, खिचोला समेत, *नरेशभक्त सिंह महर्जन समेत वि. भीष्मजंग अधिकारी, भीष्मजंग अधिकारी वि. नरेशभक्त सिँह महर्जन समेत*

मोही र जग्गाधनीलाई ९ फीट चौडा बाटो राखी पूर्व पश्चिम ७२ फीट लम्बाई र उत्तर दक्षिणको बाटोमा ८ फीट चौडा १०० लम्बाई राखी बाटो कायम गरी बाँकी रहेको जग्गाबाट दुबै पक्षलाई आधाआधा पर्ने गरी जग्गा बाँडफाँड गर्दा वादी एवं प्रतिवादी दुबै पक्षलाई ज.रो. ०-९-२ जग्गा जनही पर्न आएको तथ्य प्रमाणमा आएको मालपोत कार्यालयको फायलबाट देखिन्छ । यस तथ्यमा दुबै पक्ष विवन्धित भएको हुँदा प्राप्त गरेको क्षेत्रफलभन्दा बढी जग्गा कायम हुन नसक्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.न. ०१८३, सार्वजनिक पोखरी जग्गा खिचोला घर उठाई चलन, *उपेन्द्रप्रसाद यादव वि. हिरालाल यादव समेत*

व्यक्तिगत सम्पत्तिमा सम्बन्धित व्यक्तिको प्रत्यक्ष सरोकार रहने हुनाले सो सम्बन्धमा हक पुग्ने व्यक्ति चनाखो हुने भएपनि सरकारी एवं सार्वजनिक सम्पत्तिको संरक्षणको विषय सम्बन्धित निकाय तथा आम जनता समेतको भएकोले सबै व्यक्ति चनाखो हुन नसक्ने (Everybody's work is nobody's work) सम्भावना हुँदा सार्वजनिक सम्पत्ति सम्बन्धमा पनि व्यक्तिको सम्पत्तिसम्बन्धी हदम्यादसम्बन्धी भएको व्यवस्थालाई नै लागू गर्दा सार्वजनिक एवं सरकारी सम्पत्तिको ह्रास एवं अतिक्रमण हुने कुरा अवश्यंभावी हुन्छ । त्यसकारण समेत घर बनाउनेको ११ नं. मा भएको

हदम्यादसम्बन्धी व्यवस्थालाई सार्वजनिक जग्गा कायम भैसकेको जग्गा सम्बन्धमा लागू गर्दा त्यस प्रकारको सार्वजनिक सम्पत्तिको संरक्षण हुन नसक्ने कुरा निश्चित प्रायः हुने कुरामा शंका गर्ने ठाउँ हुन सक्दैन । अतःएव घर बनाउनेको ११ नं. को हदम्यादसम्बन्धी व्यवस्थालाई सार्वजनिक कायम भै सकेको जग्गा सम्बन्धमा समेत अँगाल्न न्यायसंगत नहुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-RC-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु चौहान समेत*

मौकामा बयान गर्ने प्रतिवादी रामशरण चौहानले सेठई र मेठईले बुहारी शकुन्तलालाई बाहिर लगेका भनी आफ्नो व्यहोरा लेखाएको देखिन्छ । प्रतिवादी सेठई चौहानले शुरू अदालतले आफूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम गरेको सजायमा पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्था समेत प्रस्तुत मिसिलबाट देखिएको अवस्थामा मृतक शकुन्तलाको मृत्यु निजको श्रीमान मेठई भन्ने राजु चौहानको कर्तव्यबाट मात्रै भएको भन्ने निजको भनाई पुष्टि हुन आएको अवस्था देखिँदैन । किटानी जाहेरी, तत्काल पक्राउ परेका सहअभियुक्तहरूको मौकाको बयान, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन समेतका कागज प्रमाणको आधारमा यी प्रतिवादीहरू मेठई भन्ने राजु चौहान र सेठई चौहानको मृतकलाई कर्तव्य गरी मार्ने वारदातमा शुरूदेखि नै संलग्नता रहेको पुष्टि हुन आएको अवस्था देखिँदा निजहरूको कर्तव्यबाट नै मृतक शकुन्तलाको मृत्यु भएको देखिने ।

इजलास अधिकृत :श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आकाश राई*

प्रतिवादीले खुकुरी मृतकको घाँटीमा पुऱ्याएपछि मृतकको घाँटी रेटिन गएको भन्ने प्रतिवादीको भनाइलाई शव परीक्षण प्रतिवेदन तथा प्रतिवादीको बि. एण्ड बि. हस्पिटलमा भएको मौकाको कागज समेतले पुष्टि गरिरहेको देखिन्छ । जाहेरवाला प्रेम राइले दिएको किटानी र निजले अदालतमा आई बयान गरेको बकपत्र तथा अनुसन्धानको क्रममा कागज गर्ने तीर्थ ढकाल, दशमती राई भीमबहादुर राई नवीन चाम्लिङ्ग समेतका व्यक्तिहरूले अदालतमा आई आफ्नो शुरूमा व्यक्त गरेको भनाईलाई समर्थन एवं पुष्टि गरी गरेको बकपत्रबाट समेत यी प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन । प्रतिवादीको कर्तव्यबाट निजको श्रीमती मृतक अञ्जना राईको मृत्यु भएको तथ्य स्थापित भएको देखिएको अवस्थामा निजको कार्य ज्यानसम्बन्धी महलको १ नं. विपरीत भई सोही महलको १३(१) नं. बमोजिम निजलाई सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी र मृतकका बीचमा लोग्ने स्वास्नीको सम्बन्ध रहेको, तरकारी पकाउने विषयमा विवाद उठी झगडा भई सोही विवाद एवं झगडाको निरन्तरताको परिणामस्वरूप मृतकको मृत्युसम्म हुन पुगेको देखिन्छ । मृतकले नै शुरूमा खुकुरी सिरानीबाट निकालेको र सो प्रतिवादीको नाडीमा लाग्न गई झगडा भइराखेको अवस्थामा प्रतिवादीको हातको खुकुरीले मृतकको घाँटीमा रेटिएको भनी प्रतिवादीले नै स्वीकार गरेको अवस्था देखिँदा यस्तो अवस्थामा मृतकको मृत्यु प्रतिवादीको पूर्वइच्छाको परिणाम नै हो भनी निर्विवाद रूपमा स्थापित हुन सक्ने देखिँन नआउँदा १० वर्ष कैद गर्न उपयुक्त हुने ।

इजलास अधिकृत :श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-RC-००६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नीलबहादुर बस्नेत*

प्रतिवादी साहू विवेकसँग श्रीमतीले काम गर्न गएको पैसा माग्न जाँदा निजले नदिएपछि कोठामा आई श्रीमतीसँग झगडा गरी बाहिर गएको अवस्थामा निज श्रीमतीले निजका दाजु जाहेरवाला कृष्णबहादुर घिमिरेलाई फोन गरी दाई तपाईले मलाई लिन आउनुहोस् भनी भनेको र मृतकका दाजु मृतकको कोठामा पुग्दा निज मृत अवस्थामा रहेको भन्ने समेत व्यहोरा जाहेरवाला कृष्णबहादुर घिमिरेले अदालतमा आई बकपत्र गर्दा लेखाएको देखिन्छ । यसका अतिरिक्त वादी पक्षका साक्षीले अदालतमा गरेको बकपत्र लगायतका मिसिल संलग्न अन्य कागज प्रमाणबाट प्रतिवादीको कर्तव्यबाट नै प्रतिवादीको श्रीमती मृतक गंगा बस्नेतको मिति २०६१।९।३ मा मृत्यु भएको पुष्टि हुने ।

स-साना छोरीहरू भएकाले निजको पालन पोषणको लागि यी प्रतिवादीको सजाय घटाउनु पर्ने भन्ने रायको आधारको रूपमा व्यक्त गरिएको तर्कलाई प्रतिवादकिो आफ्नै श्रीमतीलाई मार्नेसम्मको कार्यले खण्डित गरेको अवस्था देखिन्छ । बच्चाको लालन पालनमा अपरिहार्य आमाको भूमिकालाई बुझ्न नसक्ने यी प्रतिवादीलाई सोही आधारमा सजायमा छूट दिनु अ.बं. १८८ नं. को कानूनी व्यवस्था तथा सो व्यवस्थालाई व्याख्या गर्दै यसै अदालतबाट शान्ति बि.क. विरूद्ध श्री ५ को सरकार भएको कर्तव्य ज्यान मुद्दामा प्रतिपादित ने.का.प. २०६१, अङ्क ६, निर्णय नं. ७३९९, पृष्ठ ७६९ मा प्रकाशित सिद्धान्त समेतको आधारमा मनासिब नदेखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजाराम थारू*

लाश प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतकलाई धेरै कुटपीट भएको अवस्था देखिएको, प्रतिवादी र मृतकको बीचको वैवाहिक सम्बन्ध सामान्य अवस्थामा नरहेको, श्रीमतीको गर्भको विषयलाई लिएर यी प्रतिवादीले श्रीमती मृतकसँग निजलाई बोलाई छलफल गरेको, सोही मितिमा मृतक निजसँगै गएको भन्ने जाहेरवाला र मृतकका पिताको भनाई रहेको, निजले श्रीमतीलाई भेटेको भोलिपल्ट नै निज मृत अवस्थामा भेटिएको, निजले श्रीमती आफूसँग आएको भनी लिएको जिकीर प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीले आफ्नो श्रीमतीलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दावी स्थापित हुने ।

इजलास अधिकृत :श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-RC-००६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निर्मल पौडेल*

लाशजाँच तथा घटनास्थल प्रकृति मुचुल्का उल्लिखित व्यहोरा र शव परीक्षण प्रतिवेदनमा उल्लिखित मृत्युको कारणबाट समेत यी प्रतिवादीले उल्लेख गरेको बयानको व्यहोरा समर्थित हुन आएको देखिन्छ । वारदात घटनाको सम्बन्धमा यी प्रतिवादीले आफ्नो बयानमा लेखाएको विवरण र मौकामा कागज गरी आफूले मौकामा उल्लेखन गरेको व्यहोरालाई समर्थन गरी अदालतमा उपस्थित भई बकपत्र गर्ने जाहेरवाला प्रकाश पौडेल र वादीका साक्षी गंगा पौडेल, चन्द्रकला सार्की, कृष्ण शर्मा राजकुमार रूचेल, समीर पौडेल समेतका व्यक्तिले उल्लेख गरेको व्यहोराबाट समेत प्रस्तुत मुद्दाको वारदातमा यी प्रतिवादीको संलग्नता पुष्टि भएको र निजको कर्तव्यबाट नै मृतकको मृत्यु भएको तथ्यमा विवाद नदेखिने ।

इजलास अधिकृत :श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-RC-००५९, हातहतियार खरखजाना, *नेपाल सरकार वि. प्रेमबहादुर शाही*

प्रतिवादी मौकामा पक्राउ नपरेको र जारी भएको म्यादमा उपस्थित नभई शुरू म्यादै गुजारी फरार रहेको देखिन्छ । सहप्रतिवादी खुशीराम चौधरीले अदालतसमक्ष बयान गर्दा स.प्र.प. प्रेमबहादुर शाही लाइन ब्यारेक छाडी भागेकाले राति निदाएको मौका छोपी निजले नै उक्त हतियार तथा गोली गट्टा लिइएको हुनुपर्छ भनी बयान गरेको देखिन्छ । स.प्र.ना.नि. विष्णु कँडेलले आफ्नो प्रतिवेदनमा निज समेतका ४ जना प्रहरी कर्मचारी हुर्के भन्ने जंगलमा पुग्दा निज प्रेमबहादुर शाही ७८ राउण्ड गोली प्रहार गर्दै जंगलतर्फ भागेको भनी व्यहोरा उल्लेख गरेको र सो व्यहोरालाई समर्थन गर्ने गरी निजले अदालतमा बकपत्र समेत गरेको देखिन्छ । यसका अतिरिक्त अशोक मिश्र, भद्रबहादुर कटुवाल समेतका व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र गर्दा खुशीराम चौधरीको जिम्मामा रहेको हतियार यी प्रतिवादी प्रेमबहादुर शाहीले लिई भएको भन्ने पुष्टि हुन आएको अवस्था हुँदा निजले अभियोग माग दावीबमोजिमको कसूर अपराध गरेको देखिने ।

इजलास अधिकृत :श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

§ यसै प्रकृतिको २०६६-RC-००६१, हतियार लिई भागेको, *नेपाल सरकार वि. श्यामनारायण यादव* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**एकल इजलास**

१

**मा.न्या.श्री बलराम के.सी.,** २०६७ सालको WS-०००२ उत्प्रेषण परमादेश समेत, *अधिवक्ता कुमार शर्मा आचार्य समेत वि.व्यवस्थापिका संसदको सचिवालय समेत*

सार्वभौम संसदले वनाएको कानून यस प्रकार हल्का र आधारहिन जिकीरको आधारमा अमान्य हुँदैन । मान्य सिद्धान्त अनुसार संसदले बनाएको कानून समाजको आवश्यकताअनुसार बनेको हुन्छ । अदालतले जहिले पनि संसदले बनाएको कानून संविधानअनुकूल छ भनी ठान्दछ । कानून अमान्य गर्न निवेदकले जसरी फौजदारी अपराधमा आफ्नो अभियोग वादीले प्रमाणित गर्नुपर्दछ त्यसैगरी ऐन अमान्य गर्ने सम्बन्धमा निवेदकले संविधानसँग बाझिएको छ भन्ने प्रमाणित गर्न सक्नुपर्दछ । नियम ७ को उपनियम ८ हेर्दा संविधानसँग बाझिएको नदेखिँएको र निवेदन आफैले उक्त व्यवस्थाले प्रधानमन्त्री निर्वाचन गर्ने समय अनिश्चित हुने भएको भनेको हुँदा यस्तो अमान्य, काल्पनिक, हल्का जिकीरका साथै व्यक्तिगत मनोगत भावनाको आधारमा नियम ७ को उपनियम ८ को उक्त व्यवस्था अमान्य हुन नसक्ने ।

राज्यका तीन अङ्गहरू मध्ये स्वभावैले विधायिकाले कानून बनाउँछ, कार्यपालिकाले लागू गर्दछ र विवाद उत्पन भएमा न्यायपालिकाले विधायिकाले बनाएको कानूनको व्याख्या गर्दछ । धारा १०२ को उपधारा ४ को यही मनसाय र व्यवस्था हो । धारा १०२ को उपधारा ४ मा संविधान र प्रचलित कानूनको व्याख्या गर्ने अधिकार यस अदालतमा निहीत छ । त्यसमा विवाद छैन तर धारा ५६ को प्रधानमन्त्री चुन्ने जस्तो व्यवस्थापिका संसदको आन्तरिक विशेषाधिकारमा न्यायको मान्य सिद्धान्त (Parliamentary Practice, Separation of Power) र Harmonious Construction को सिद्धान्तअनुसार संसदभित्र गरिने प्रधानमन्त्रीको निर्वाचन गर्ने काममा यस अदालतले धारा १०७(२) अन्तर्गत हस्तक्षेप गर्नु हुँदैन । यस अदालतले Voluntary Self restraint को आधारमा हस्तक्षेप गर्नु नहुने ।

राजनैतिक सहमतिबाट मन्त्रिपरिषद्को गठन हुन नसकेको अवस्थामा नेपाली जनताले संविधानसभा/ विधायिका संसदको लागि चुनेर पठाएको आ-आफ्नो जन प्रतिनिधिहरूले Composite floor test हुँदा Yeah र Neah को आधारमा (UN लगायत अन्तर्राष्ट्रिय सम्मेलनमा सार्वभौम राष्ट्रहरूले कुनै प्रस्तावमा राष्ट्रिय हितलाई ध्यानमा राखी प्रस्तावको पक्ष वा विपक्षमा कुनै पनि Vote नदिई Abstention

रहेको जस्तो संसदीय मान्यता र प्रचलनअनुसार विधायिकामा जन प्रतिनिधिले कुनै पनि मत नदिई Abstention रहने गरिदैन) भएको मत गन्तिमा बहुमत प्राप्त गर्ने व्यक्ति प्रधान मन्त्रीमा नियुक्ति हुनेहुँदा यस्तो विषय Political Question समावेश भएको विषय हुन्छ । Political Question समावेश भएको यस्तो विषय Judicially Manageable Standard भित्र नपर्ने ।

इजलास अधिकृत विष्णुप्रसाद उपाध्याय

कम्प्युटर:विपना मल्ल

इति संवत २०६७ साल साउन १४ गते रोज ६ शुभम् ।

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७ सालको रिट नं ००२१, बन्दीप्रत्यक्षीकरण, *प्रजापति चपाई वि. जिल्ला कारागार कार्यालय चितवन समेत*

निवेदकउपर ज्यान मार्ने उद्योग मुद्दाको अभियोग लागेको देखिएको र निज अधिकार प्राप्त अधिकारीसमक्ष कसूरमा साबित भै बयान गरेको, सह-अभियुक्त दिलबहादुर लामाले प्रहरीमा आफू कसूरमा साबित भै निजलाई पोल गरेको देखिएको र अदालतमा बयान गर्दा निवेदक अभियोजित कसूरमा इन्कार रहेको भन्ने देखिन्छ । यस्तो मुद्दाको रोहमा सबूदप्रमाणको मूल्याङ्कन गरी अभियोग प्रमाणित भएको छ वा छैन ? भन्ने ठहर गर्नुपर्ने विषयमा अधिकार प्राप्त अदालतबाटै निर्णय हुनुपर्ने देखिन्छ । अधिकार प्राप्त अदालतले आफूसंग भएको अधिकार प्रयोग गरी निर्णय गरेको देखिएको र प्रमाणको मूल्याङ्कन गरी भैरहेको निर्णय आदेशमा बन्दीप्रत्यक्षीकरणको आदेशको रोहमा हस्तक्षेप गर्न नमिल्ने हुँदा यस अदालतबाट मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतद्वयः खड्गबहादुर श्रेष्ठ

पुनाराम खनाल

संवत् २०६७ साल कात्तिक ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रणबहादुर बम,** २०६७ साल रिट नं. ००१६, बन्दीप्रत्यक्षीकरण, *सीताशरण मण्डल वि. बालसुधार गृह व्यवस्थापन समिति, भक्तपुर समेत*

डाँका मुद्दामा शुरू अदालतको थुनछेकको आदेशअनुसार धरौट दिन नसकेको कारणले छोइलाङ लामालाई बाल सुधार गृह सानोठिमीमा राख्न पठाइएकोमा स्थान र सुरक्षाको अभावको कारण देखाई सो बाल सुधार गृहबाट निज छोइलाङ लामालाई फिर्ता गरेको देखिन आएकोले बाल सुधार गृह व्यवस्थापन समिति सानोठिमी समेतको लिखित जवाफबाट ANNEX भवन निर्माण भै उद्घाटन समेत भइसकेकोमा आवश्यक प्रहरी सुरक्षाकर्मीको व्यवस्था नभएको कारणबाट नाबालक थुनुवालाई राख्न नसकेको भन्ने देखिन आएकोले सो भवन सञ्चालन गर्नको लागि हालसम्म सुरक्षाकर्मीको व्यवस्था नहुनु उचित र मनासिब कारण हो भन्न मिल्ने देखिएन । अतः सो भवन सञ्चालनमा ल्याउनको लागि यथाशक्य चाँडो सुरक्षाकर्मी खटाउने व्यवस्था गर्नु गराउनु र सोको जानकारी यस अदालतलाई गराउने भनी विपक्षी गृह मन्त्रालयको नाउँमा निर्देशात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृतद्वयः खड्गबहादुर श्रेष्ठ

पुनाराम खनाल

संवत् २०६७ साल असोज २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको रिट नं ००१५, बन्दीप्रत्यक्षीकरण, *विकास सिंखडा समेत वि.महानगरीय प्रहरी बृत्त महाराजगञ्ज समेत*

निवेदकलाई पटकपटक एउटै प्रकृतिको एकपछि अर्को अभियोगमा पक्राउ गरी निरन्तर थुनामा राखिएको कार्य द्वेषपूर्ण प्रवृत्त भावनायुक्त भै गैरकानूनी देखिँदा निवेदकहरूलाई गैरकानूनी थुनाबाट छाडिदिने भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । प्रहरी हिरासतमा राखिएका निवेदकहरूलाई आज इजलाससमक्ष उपस्थित गराइएको देखिँदा यस अदालतका उपरजिष्ट्रारको रोहबरमा निवेदकहरूलाई थुना मुक्त गरी निवेदकहरूको हकमा प्रस्तुत निवेदन दायर गर्ने निर्मला थापाको जिम्मा लगाई दिनु ।

इजालस अधिकृत : खड्गबहादुर श्रेष्ठ, पुनाराम खनाल

संवत् २०६७ साल असोज २५ गते रोज २ शुभम् ।

## राष्ट्रिय न्यायिक प्रतिष्ठान र अन्तर्राष्ट्रिय न्याय निरोपण आयोगको संयोजकत्वमा आयोजना गरिएको Judicial reforms in Post-conflict Situations विषयक गोष्ठीका अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले दिनु भएको मन्तव्य

Honorable Chair person,
Honorable Minister Prem Bahadur Singh, Honorable Deputy Chief Justice of Indonesia Mr. Paulus Effendi Lotulung,
Honorable Justices of the Supreme Court
Honorable President of Constitutional Committee Mr.Nilambar Acharya
Honorable Members of Constituent Assembly,
Honorable Judges of Appellate Courts and District Courts
Prof. Dr. N.R. Madhva Menon,
Mr.Henning Hansen, Charge de' Affairs in the German Embassy,
President of Nepal Bar Association and the Supreme Court Bar Association,
Learned Bar members,
Members of the Civil Society,
Media Persons,
Ladies and Gentlemen

First of all, I would like to express my hearty thanks to the organizers National Judicial Academy and the International Commission of Jurists (ICJ) for inviting to be the chief guest in this program and giving me opportunity to express a few words. Before me you have listened to distinguished speakers. There is not much that I would add to what they have said. I would therefore give a broad view on some of the issues raised with regard to future shape of the judiciary and draw your attention to current constitutional deadlock and its possible impacts. I feel that these issues are linked to judicial reform and strengthening the rule of law in Nepal.

Judicial system for being a sub-system of the overall political system remains affected by the development taking place in the political sphere. It is in this sense the Nepali judiciary very much affected by the decade long violent conflict that the country had to face. Now, after the end of the conflict when the country is slowly coming back to normalcy, we the members of judiciary have a dual responsibility. On the one hand we have to expedite the reform of the judiciary so as to meet the growing expectations of the people and restoring faith in the rule of law, on the other as conscious citizen of this country and responsible public servant, we need to guide the legal system in such a way that promotes democracy, rule of law and human rights. It is an inseparable part of human rights to get justice through independent and competent judiciary. It is in this context now we emphasize so much on independent and accountable judiciary.

Today, more and more countries in the world have embraced democracy. Civic freedom, human rights and rule of law are basic norms of democratic system. The rule of judiciary is very important to make democratic system sustainable and long lasting by protecting these norms. By taking into consideration the important role played by the judiciary in promoting democratic system, some of the western countries have taken independent and competent judicial system as a synonym to democracy. Democracy provides a breathing space for judicial independence and competent judiciary while the judiciary provides sustenance to democracy. It is for th˜is reason perhaps the UN Basic Principle on Independence of Judiciary 1985 calls upon the states to guarantee judicial independence and enshrine it in the

constitution. It is considered as the duty of all governmental and other institutions to respect and observe the independence of the judiciary.

In my last year's visit to Europe, which is known as a fertile land for promoting democratic system, I found that human rights, rule of law and independent judiciary are considered as preconditions of democracy. I was also told that absent of these conditions, no country would be admitted as a member of European Council. To my mind, this illustrates inter-linkage among democracy, human rights and independent judiciary.

Judicial independence carries a very long tradition. Pointing to the role of judiciary in democracy, Alexander Hamilton, one of the framers of the United States constitution, had said, "There is no liberty if the power of judging is not separated from the legislative and executive powers. Liberty can have nothing to fear from the judiciary alone, but would have everything to fear form its union with either of other departments." This is true even today. Independent judiciary is not only the custodian of the constitution that reviews legislative and executive excess, it is also the final resort of each and every minority-both individual and community-rights which are violated by the majority that comes to the power.

Many times the people of Nepal have shed blood for the establishment and restoration of democracy. It would be our great mistake if we take it as only as their desire to occasional casting of vote. The Nepali judiciary is conscious that values of democracy should be transformed into everyday life of the people. It is therefore obvious that the desire of the Nepalese people for the establishment of democratic system is also included the vision for the establishment of a judiciary which would be able to deliver justice free from all kinds of pressures and influences. On this occasion may I recall what President Woodrow Wilson once said: "The struggle for constitutional government is a struggle for good laws, indeed, for independent and impartial courts."

With the establishment of democracy, it is but natural to have increased aspirations of the people to have effective justice delivery, we also know that only by effective delivery of justice, we will be able to earn people's faith in the judiciary. We also know that the people's faith on the judiciary depends on how we judges and personnel of judiciary be have, Therefore, may I emphasize that in order to meet the aspirations of the people in the changed context; we must change our traditional thinking and attitude. And we must present ourselves in different work-style than the work-style of olden days. That being said, it would be a mistake to imagine that we should make the judiciary more effective by curtailing its powers which the judiciary is now enjoying. It is for this reason we, in the Judiciary, have worried on report of the Committee on the Judiciary of the constituent Assembly which if adopted will make a judiciary weaker. I would like to stress that, the alternative to present judiciary is only the judiciary which is more independent and competent.

We sometimes develop a kind of attitude towards the whole judiciary on the basis of decisions in one or two cases. But the judiciary is a continuous organization which has stood on the side of freedoms, human rights and the rule of law and expressed its commitment to these values thought several decisions. Therefore, I submit that some of the decisions given by the courts might have created adversity to our interests, but these decisions should not lead anyone to conclude that Nepali judiciary has not done anything for the protection and promotion of rule of law and human rights in this country and on that pretext do anything that destroys its independence. We must take into consideration the

numerous adversities engendered by the decisions by the courts that are not independent. Justice is a continually flowing sacred river. It is neither inspired by the desire of getting anyone's applause nor infected with predetermined opinions against anyone. Prevalent constitution, laws and acts and recognized principles of justice are its benchmarks. Its proceedings are inspired by these ideals and of course, it should be.

Today, serious concerns are being expressed on the question of judicial accountability. In fact, this question is being raised not only in the context of Nepalese judiciary only but also in the context of judiciaries across the world. Definitely, an independent judiciary must not mean a judiciary without accountability. Judicial independence is not an end by itself, but only a means. However, if the judiciary is made unable to carry out its responsibilities in the name of making it accountable, it would obviously affect not the judges and personnel working in the judiciary, but affect in real terms the general public whose rights are in danger of infringement. We should not forget that judicial independence is not a safety shield for the judges working in the judiciary. Judges come and go but the judiciary is an unwavering eternal institution. So it is an ultimate resort for entire people. No country can be successful without an independent judiciary nor can it be imagined that a country without competent judiciary becomes powerful. On this occasion I would like to emphasize that while taking into consideration the importance of judicial independence, we should not view it with an eye full of governance power and authority, but with the eyes of a distressed common people and think, what our conscience tells ! Perhaps at that time only, I think, the judiciary would be there as the light of hope. History is a witness that Nepali judiciary has been able to protect the expectation of independent and freedom-loving people even at the period of tyranny. The judiciary and judges of Nepal have been penning without avarice for their position which is equal to hundreds of bullets fired in the battle for freedom, human rights and independence.

I have taken the historical people's movement of 2006 as an important occasion in the direction of establishment of independent and capable judiciary. It is a matter of great satisfaction for us, the judges and judicial personnel, that there have also been expressions of commitment for the recognition of principles of rule of law and independent judiciary in the twelve-point understanding signed among the main political parties and the expression of commitment in the Interim Constitution of Nepal 2007, for independent judiciary as well as for the rule of law including total commitment for democratic values and norms. These are welcome development.

Given that Nepal has promised to adopt a federal structure of government, the role of judiciary becomes all the more important as there are chances of not only the central but also the state and local government interfering the rights of the minorities within a particular state. Therefore, in the countries with federal system of government, the establishment of independent judiciary is considered as a basic principle of constitutional law. The principle of separation of powers considers independent judiciary as compulsory prerequisite. This is perhaps the reason that a country like the United Kingdom with parliamentary supremacy and having no written constitution, has recently established a separate Supreme Court giving up its nearly 600 years old tradition of House of Lord. I am of the view that we should understand this in proper

perspective and do our best to retain the independence of the judiciary.

It is not only an important occurrence for Nepal's judiciary to get the power of judicial review by clear constitutional provision, but it is also a testimony to intense commitment of Nepalese people for an independent and competent judiciary. I am confident that the upcoming new constitution of new Nepal will be able to incorporate and institutionalize modern values and practices developed in the world in recent times. I take the recent deliberations held about judiciary in Nepal as a part of chain of efforts to establish a better judiciary. They should not return to previous condition curtailing the rights being enjoyed so far. We should devote our energies with full commitment to establish an independent and competent judiciary of world standard.

Over the last two years or so, Nepali people, through their elected representatives in the Constituent Assembly have been engaged in drafting a new constitution of Nepal. However, the kind of difference that is witnessed in various committees and that deadlock created even in the formation and continuance of government, the widening gulf of trust between the political actors has disappointed many people. I fully understand that two years might not be a sufficient period for completing the drafting of constitution and taking the peace process to its logical end, my only worry is that frequent extension of the tenure erodes the faith of the people on the process as well as the final product. If we admit that law does not survive just on command and sanctions but also on faith and respect, the current disagreement in the political area reflected in the Constituent Assembly is harmful for promotion of lasting peace, human rights and rule of law in Nepal. I hope that responsible political actors, honorable members of Constituent Assembly will take that into note and move forward in harmony and cohesion to shoulder the responsibility entrusted by the people. Once again I thank all the distinguished speakers and to you all participating here for availing their valuable time for this program. I also wish that the partnership between the NJA & the ICJ will continue in the future.

Thank you all for your patience.